"दिगो विकासका लागि सिमान्तकृत समुदायको समावेशीकरण, कार्यक्रममा विविधता र सहास नेपालको सुदृढीकरण"







# सहयोगी हातहरुको समूह (सहास)-नेपाल

## बार्षिक प्रतिवेदन २०६८/६९

SAHAS - NEPAL

सहास-नेपाल

# दुई शब्द

गत वर्ष जस्तै यस वर्ष पनि आर्थिक वर्ष २०६८/०६९ को वार्षिक प्रतिवेदन यहाँहरू समक्ष ल्याउन पाउँदा मैले खुशीको महशुस गरेको छु ।

सहयोगी हातहरूको समूह (सहास) नेपाल विगत १७ वर्ष देखि समुदायहरूको आर्थिक, सामाजिक विकास तथा सशक्तिकरणमा सहयोग पुऱ्याउदै आइरहेको छ । विकास प्रकृयामा समुदायहरूलाई बढी भन्दा बढी सहभागी गराउन सक्यो भने विकास दिगो र परिणाममूखि बन्न सक्छ भन्ने उदाहरण यस संस्थाले अनुभव गर्दै आइरहेको छ ।

गरीव तथा बञ्चितीकरणमा पारिएका समुदायहरूलाई राज्यको मूलधारमा समाहित गर्नका लागि समुदाय, राजनीतिक दल, सरकारी तथा गैरसरकारी कार्यालय एवं संघ संस्थाहरूबीचमा प्रभावकारी समन्वय तथा सहकार्यको आवश्यकता अपरिहार्य छ, जसलाई सहास नेपालले स्थापना कालदेखि नै आत्मसात गर्दै आईरहेको छ ।

संस्थाले परियोजनाका गतिविधिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न समय समयमा कर्मचारी क्षमता विकासमा पनि सहयोग पुऱ्याउदै आइरहेको छ । कर्मचारीहरूको क्षमता विकासका कारण संस्थाको उद्देश्य पूरा गर्न कर्मचारीहरूलाई प्रतिवद्ध भई परिणाममूखि बनाउन सहयोग पुऱ्याएको छ ।

विभिन्न परियोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा सम्वन्धित समुदाय, सरकारी तथा गैरसरकारी संस्थाहरूवाट पाएको सहयोग प्रति संस्था आभार प्रकट गर्दछ । क्रियाकलापहरू कार्यान्वयनमा संलग्न कर्मचारी र संस्थालाई मार्ग दर्शन गर्ने कार्य समिति तथा सदस्यहरूले पुऱ्याउनु भएको भूमिका प्रति धन्यवाद दिन चाहान्छु । गरीव समुदायको जीवनस्तर उकास्न निरन्तर रूपमा सहयोग पुऱ्याउदै आइरहनु भएको दातृ निकायहरूलाई हार्दिक धन्यवाद दिन चाहान्छु । आगामी दिनमा संस्थाको कार्यलाई थप प्रभावकारी बनाउन यहाँहरू सबैको सल्लाह, सुझाव र पृष्ठ पोषणको आशा गर्दछु ।

धन्यवाद !

डा. सुरेन्द्र कुमार श्रेष्ठ
कार्यकारी निर्देशक
सहास नेपाल
ललितपुर ।

# कार्यकारी सारांश

सहयोगी हातहरूको समूह (सहास) नेपाल एकिकृत सामुदायिक विकास मार्फत ग्रामिण समुदायको सेवामा लागेको एक गैरसरकारी संस्था हो । ललितपुर जिल्लामा दर्ता भई ओखलढुङ्गा जिल्लावाट शुरू भएको कार्य यात्रा निरन्तर रूपमा ओखलढुङ्गा, उदयपुर, ललितपुर, धादिङ, गोरखा, तनहुँ, दैलेख, कालिकोट, मुगु र बाजुरासहित हाल १० जिल्लामा कार्य क्षेत्र विस्तार गर्न सफल भएको छ । ओखलढुङ्गा जिल्लामा लामो समय देखि एकिकृत सामुदायिक विकासको अनुभव संगाल्दै हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँगको साझेदारीमा विभिन्न ११ वटा कार्यक्रम तथा परियोजनाहरू संचालन गर्दै आई रहेकोछ । समुदायमा संचालित विभिन्न कार्यक्रम तथा परियोजनाहरूको सहयोगमा ८४७ वटा समूहहरूका १८,६०७ घर परिवारहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

सहास नेपाल, समूहहरूका सक्रियतामा बनाइएका विभिन्न समुदायमा आधारीत सञ्जाल संस्थाहरू मार्फत निरन्तर रूपमा समुदायका संस्थागत विकास, आय आर्जन, सशक्तिकरण, भौतिक पूर्वाधार जस्ता मुख्य क्षेत्रहरूमा समर्थन र सहयोग गर्दै आई रहेको छ । यसवाट समुदायहरू संस्थागत रूपमा संगठीत भई आफ्ना समस्याहरूलाई संबोधन गर्न सक्षम भएका छन् भने जीवनस्तर सुधारको लागि स्वास्थ्य, सरसफाई, शिक्षा, आय आर्जन, भौतिक पूर्वाधार जस्ता कृयाकलापहरू कार्यान्वयन गरी रहेका छन् । स्थानीय श्रोत साधन, सिप र ज्ञानको अधिकतम प्रयोग गरी श्रोत (साझेदारी) अवधारणामा क्रियाकलापहरू कार्यान्वयन गरेका छन् । जसवाट समुदायमा थप ३ देखि ६ महिनासम्म खाद्य सुरक्षाका लागि सहयोग पुगेको छ । विकासका गतिविधिमा महिला, दलित, आदिवासी जनजातिहरूको सहभागिता र नेतृत्व बृद्धि भएको छ, आफ्ना हक अधिकार खोज्नको लागि सरकारी तथा गैरसरकारी विभिन्न निकायहरूमा अर्थपूर्ण उपस्थिती तथा सहभागिता दिन थालेका छन् ।

विगतमा जस्तै निरन्तर रूपमा प्रकाशित गर्दै आइरहेको वार्षिक प्रतिवेदन यस आर्थिक वर्ष २०६८/०६९ को तपाईहरू समक्ष ल्याउन पाउँदा खुशीको अनुभव भएको छ । वर्ष भरी सम्पन्न भएका कृयाकलापहरूको जानकारी साथै भएका उपलब्धिहरू यहाँहरू समक्ष पुर्‍याउने यस प्रतिवेदनको मूख्य उद्देश्य रहेको छ । यस वार्षिक प्रतिवेदनले संस्था आफैलाई पनि फर्केर हेर्ने मौका मिल्दै आइरहेको छ । विभिन्न सरोकारवालाहरूबाट समेत प्राप्त भएको सल्लाह सुझावले प्रतिवेदनलाई अझ राम्रो बनाउन ठूलो सहयोग मिल्दै आइरहेको छ । यस आर्थिक वर्ष २०६८/०६९ मा सम्पन्न भएका मुख्य गतिविधिहरूलाई यस प्रतिवेदनमा समेटिएको छ ।

# विषय सूची


| | | |
|---|---|---|
| १. | आ.व. २०६८/०६९ मा संपन्न भएका संस्थागत गतिविधिहरू | १ |
| २. | स्थानीय प्रयासमा खाद्य सुरक्षा रूपान्तरण परियोजना (LIFT) - ओखलढुङ्गा, उदयपुर र ललितपुर | ४ |
| ३. | जैविक इन्धन परियोजना कार्यक्रम - ओखलढुङ्गा | १२ |
| ४. | घर बगैचा परियोजना ओखलढुङ्गा | १३ |
| ५. | पहाडि मकैवालि अनुसन्धान परियाजना ओखलढुङ्गा | १४ |
| ६. | स्थानिय झोलुङ्गे पुल कार्यक्रम ओखलढुङ्गा | १५ |
| ७. | गरीवी निवारण कोष कार्यक्रम ओखलढुङ्गा | १७ |
| ८. | सामुदायिक संगठन मार्फत खाद्य सुरक्षा परियोजना - दैलेख | १८ |
| ९. | स्थानीय प्रयासद्वारा जीविकोपार्जन सुधार परियोजना - धादिङ्ग, गोरखा र तनहुँ | २१ |
| १०. | नागरीक शिक्षा परियोजना | २८ |
| ११. | खाद्य सुरक्षा र जीविकोपार्जनको लागि सामुदायिक सशक्तिकरण परियोजना - कालिकोट, बाजुरा र मुगु | ३३ |
| १२. | समुदायमा आधारीत सञ्जाल संस्थाको क्षमता विकास | ४५ |
| १३. | निर्वाहमुखि कृषककालागि जलस्रोत व्यवस्थापन र आय आर्जनका क्रियाकलापहरूबाट जिविकोपार्जनमा सुधार परियोजना | ५० |




## संचालित कार्यक्रम तथा परियोजना र दातृ निकाय

| कार्यक्रम/परियोजनाको नाम | कार्यक्षेत्र/जिल्ला | साझेदार संस्था |
|---|---|---|
| स्थानीय प्रयासमा खाद्य सुरक्षा रूपान्तरण परियोजना | ओखलढुङ्गा, ललितपुर र उदयपुर | इइडी जर्मनी र फेल्म नेपाल |
| नागरीक शिक्षा परियोजना | ओखलढुङ्गा, उदयपुर, गोरखा, धादिङ्ग र तनहुँ | इइडी जर्मनी |
| जैविक इन्धन परियोजना | ओखलढुङ्गा | मानविय उर्जा वातावरण विकास मंच |
| घर वगैंचा परियोजना | ओखलढुङ्गा | ली-वर्ड |
| पहाडी मकै अनुसन्धान परियोजना | ओखलढुङ्गा | सीमीट |
| गरीवी निवारण कोष कार्यक्रम | ओखलढुङ्गा | गरीवी निवारण कोष काठमाण्डौं |
| खाद्य सुरक्षा र जीविकापार्जनको लागि सामुदायिक सशक्तिकरण परियोजना | मुगु, कालिकोट र बाजुरा | इइडी जर्मनी र फ्लेम नेपाल |
| सामुदायिक संगठनद्वारा खाद्य सुरक्षा रूपान्तरण परियोजना | दैलेख | एमसीसी र नेपाल टीम |
| झोलुङ्गे पुल कार्यक्रम | ओखलढुङ्गा | जि.वि.स, टि.बि.एस.एस.यू. |
| स्थानीय प्रयासमा जीविकोपार्जन सुधार परियोजना | गोरखा, धादिङ्ग र तनहुँ | फ्लेम नेपाल |
| छात्रवृत्ती कार्यक्रम | ओखलढुङ्गा | आन्तरिक स्रोत |
| साझेदार क्षमता विकास कार्यक्रम | ओखलढुङ्गा | |
| निर्वाहमुखी कृषकका लागि जलस्रोत व्यवस्थापन र आयआर्जनका क्रियाकलापहरूबाट जिविकोपार्जनमा सुधार परियोजना | तनहुँ | जर्मन राजदुतावास |

# आ.व. २०६८/०६९ मा संपन्न भएका संस्थागत गतिविधिहरू

## १६ औं साधारण सभा




सहास नेपालले बार्षिक साधारण सभालाई निरन्तरता दिंदै १६ औं साधारण सभा संस्थाका अध्यक्ष श्री ब्रह्म ध्वज गुरूङ्ग को अध्यक्षतामा सफलतापूर्वक जावालाखेलको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा सम्पन्न भएको थियो । कुनै पनि संस्थाको मूख्य पाटाको रूपमा रहेको साधारण सभा, यस संस्थाले वार्षिक रूपमा निरन्तर समयमा नै सम्पन्न गर्न सकेको छ । यसबाट हामी सम्पूर्ण साधारण सदस्य लगायत यस संस्थासँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरूलाई सकारात्मक सन्देश दिन सकेको महशुस हामीले गर्दै आइरहेका छौं । सदा झैं यस वर्ष पनि संस्थाद्वारा १० वटा जिल्लामा कार्यान्वयन भएका कार्यक्रम तथा परियोजनाहरूको संक्षेपमा सम्बन्धित परियोजना संयोजक तथा अधिकृतहरूले प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । यस प्रतिवेदन सँगसँगै आ.व. २०६८/०६९ को आर्थिक प्रतिवेदन संस्थाका कोषाध्यक्ष श्री सुनिल शाक्यले प्रस्तुत गर्नु भएको थियो । साधारण सभा खुल्ला र बन्द सत्र गरी भएकोमा सम्पूर्ण कर्मचारीहरूले खुल्ला सत्रमा प्रस्तुतीकरण गरेपछि साधारण सदस्यहरू मात्र बन्द सत्रमा सहभागी भएका थिए । प्रस्तुत भएका प्रगति र आर्थिक प्रतिवेदन साथै आगामी वर्षको वार्षिक योजना माथि बैठकमा छलफल र आवश्यक सल्लाह, सुझाव पछि पारीत गरीएको थियो ।

## ५ वर्षे रणनीतिक योजना विकास



संस्थागत विकासलाई अगाडि बढाउन मार्ग निर्देशनको रूपमा काम गर्ने संस्थागत रणनीतिक योजना सहास नेपालले प्रत्येक ५-५ वर्षमा विकास गर्दै आइरहेको छ । २०६३ सालमा सम्पूर्ण कर्मचारीहरूको सहभागितामा ५ वर्षे रणनीतिक योजना विकास गरी त्यसमा उल्लेखित कार्य योजना अनुसार संस्थाले काम गर्दै जाँदा आजको अवस्थामा आउन सफल भएको छ । प्रत्येक वर्ष पूनरावोलकन गर्दै संस्थाले विकास गरेको रणनीतिक योजनामा उल्लेखित कार्य योजनालाई सफलतापूर्वक सम्पन्न गर्न सफल भएको थियो । संस्थाको ५ वर्षे रणनीतिक योजनाको अवधि समाप्त

भएपछि २०६८ साल असोज १ देखि ३ गते संस्थाका कार्यकारीणी समितिका प्रतिनिधि र परियोजनामा कार्यरत कर्मचारीहरूको सहभागितामा ३ दिने गोष्ठी आयोजना गरी ५ वर्षे रणनीतिक योजनाको विकास गरीएको थियो । यस गोष्ठीलाई उत्तम उप्रेती र डम्वर राईले सहजिकरण गर्नु भएको थियो । यस गोष्ठीमा विगतको ५ वर्षे रणनीतिक योजनालाई पूनरावोलकन गरी आगामी ५ वर्षको लागि नयाँढंगले कार्य योजनाको विकास गर्ने काम भएको थियो । जस अनुसार संस्थाले रणनीतिक योजना अनुसार विभिन्न गतिविधिहरू गर्दै संस्थागत विकासलाई पनि अगाडि बढाउदै लगि रहेको छ ।

## नयाँ परियोजना सम्झौता

संस्थाले आफ्नो रणनीतिक योजनामा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूसँगको साझेदारीको खोजी गरी नेपालको विभिन्न जिल्लाहरूमा काम गर्ने भने अनुसार, यस आर्थिक वर्षमा तनहुँ जिल्लाको आँवु खैरनी अन्तर्गतका क्षेत्रहरूमा जर्मनी दुतावासको सहयोगमा १ वर्षे परियोजना कार्यान्वयन भइरहेको छ । जसमा करीव रू. १६,००,०००.०० रकम बराबरको सहयोग प्रत्यक्ष समुदायहरूले पाइरहेका छन् । यस परियोजनाले १३६ घर धुरीका गुरूङ्, नेवार, दलित र मगर समुदायसँग काम गर्दै आइरहेको छ । करीव ७० प्रतिशत कृयाकलापहरू समुदायहरूको सकृयतामा सम्पन्न भई सकेको छ ।

## कार्यक्रम सम्झौता

सहास नेपालले यस आर्थिक वर्षमा विगतमा निरन्तर रूपमा कार्यान्वयन भइरहेको परियोजनालाई आगामी वर्षको लागि सम्झौता गर्ने काम पनि सम्पन्न गरेको छ । जस अनुसार विगत २०६६ सालदेखि ओखलढुङ्गा जिल्लामा कार्यान्वयन भइरहेको परियोजना पहाडि मकै अनुसन्धान परियोजना, २०६७ सालदेखि LI-BIRD पोखरासँगको साझेदारीमा ओखलढुङ्गा जिल्लामा नै कार्यान्वयन भइरहेको घर वगैंचा परियोजना, जिल्ला विकास समिति, सहास नेपाल र TBSSU सँगको साझेदारीमा २०६१ सालदेखि कार्यान्वयन भइरहेको स्थानीय झोलुङ्गे पुल कार्यक्रम, ओखलढुङ्गा जिल्लामा विगत २ वर्षदेखि कार्यान्वयन भइरहेको गरीवी निवारण कोष कार्यक्रमहरूको लिखित सम्झौता सम्पन्न गरी सकेको छ । त्यस्तै दैलेख जिल्लामा विगत ३ वर्षदेखि सहयोग गर्दै आइरहेको जर्मनीको Nepal Team सँग पनि वार्षिक सम्झौता भई कृयाकलापहरू कार्यान्वयन भइहेको छ ।

## अध्ययन भ्रमण

यस संस्थाले कर्मचारी लगायत कार्यकारीणी सदस्यहरूको क्षमता विकासको लागि समय समयमा विभिन्न तालिम, गोष्ठी र भ्रमणको आयोजना गर्दै आइरहेको छ । यस्ता कृयाकलापहरूले कर्मचारीहरूको क्षमता विकास साथै कार्यकारीणी सदस्यहरूसँगको सम्बन्ध विस्तारमा पनि ठूलो सहयोग पुऱ्याउदै आइरहेको छ । यसै अन्तर्गत यहि २०६९ साल चैत्र ५ गतेदेखि १५ गतेसम्म बंगलादेशमा विभिन्न परियोजनामा कार्यरत Senior कर्मचारीहरू र कार्यकारीणी सदस्यहरूलाई अध्ययन भ्रमणको आयोजना गरीएको थियो । यस भ्रमणमा संस्थाका अध्यक्ष श्री ब्रह्म ध्वज गुरूङ्, उपाध्यक्ष श्री सती श्रेष्ठ, कोषाध्यक्ष श्री सुनिल शाक्य र सह सचीव श्री विमला देवी गायकको सहभागिता थियो ।

## प्रस्ताव पत्र पेश

संस्थाले विभिन्न सम्भाव्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूसँग र विभिन्न समयमा प्रकाशित पत्रिकामा माग भए अनुसारको प्रस्ताव पत्र विकास गरी पेश गर्ने काम भइरहेको छ । यसले संस्थाको क्षमता विकासमा थप टेवा पुगेको छ भने परियोजना प्राप्ति गर्नमा पनि सहयोग पुगेको छ ।

## अन्तर्राष्ट्रिय स्तरको गोष्ठीमा सहभागिता

यस संस्थाका कार्यकारीणी सदस्य तथा परियोजनामा कार्यरत कर्मचारीहरूलाई समय समयमा अन्तर्राष्ट्रिय स्तरमा हुने गोष्ठी र तालिममा सहभागी गराउदै आइरहेको छ । यस वर्ष ओखलढुङ्गा जिल्लामा कार्यरत टिम लिडर श्री देशिन्द्र राई र धादिङ्ग जिल्लामा कार्यरत श्री हरेराम लोहनीले भारतको हैदरावादमा भएको ४ दिने पानी र प्रजातन्त्र सम्बन्धी गोष्ठीमा सहभागी हुनु भएको थियो । त्यस्तै भारतको बैङ्गलोरमा people tree द्वारा आयोजना गरीएको ४ दिने fire flies गोष्ठीमा ललितपुरमा कार्यरत परियोजना अधिकृत श्री सुलभ श्रेष्ठले भाग लिनु भएको थियो ।

## छात्रवृत्ति कार्यक्रम

स्थापना कालदेखि नै निरन्तर रूपमा गरीब, महिला र दलित समुदायका आर्थिक रूपमा पढ्नबाट बन्चित विद्यार्थिहरूलाई कक्षा ६ देखि छात्रवृत्ति स्वरूप १२ कक्षासम्म सहयोग गर्दै आइरहेको छ । यस वर्ष जम्मा ४६ जना विद्यार्थिहरूले छात्रवृत्ति पाई आफ्नो पढाईलाई निरन्तर रूपमा अगाडि बढाउन सकेको छ । छात्रवृत्ति सहयोगले गरीब र जेहेन्दार विद्यार्थिहरूले समाजमा उदाहरणीय रूपमा पढेर देखाएको हामीले पाएका छौं । यस कार्यक्रमलाई सहास नेपालको सम्पूर्ण जिल्लाहरूमा विस्तार गर्दै लैजाने योजना संस्थाले लिएको छ ।



# स्थानीय प्रयासमा खाद्य सुरक्षा रूपान्तरण परियोजना (LIFT) - ओखलढुङ्गा, उदयपुर र ललितपुर



यस संस्थाले ओखलढुङ्गा जिल्लाको इलाका १० र ११ का गरी, उदयपुर जिल्लाको ४ र दक्षिणी ललितपुरको ७ गरेर जम्मा २० वटा गा.वि.स.मा स्थानीय प्रयासमा खाद्य सुरक्षा रूपान्तरण परियोजना विगत २ वर्षदेखि कार्यान्वयन गर्दै आइरहेको छ । यस अवधिमा ३ वटा क्षेत्रमा जम्मा १९५ वटा समूहहरू गठन भइसकेको छ भने जसबाट प्रत्यक्ष रूपमा ४४९५ घर धुरीहरू लाभान्वित भएका छन् । समूहसँग आवद्ध रहेका सदस्यहरूको हालसम्म संचालित विभिन्न तालिम तथा गोष्ठीहरूले नेतृत्व गर्न सक्ने क्षमतामा विकास, समूह परिचालन सिप, श्रोत साझेदारी गर्न सक्ने क्षमतामा विकास र सशक्तिकरण गर्न सक्ने क्षमतामा विकास हुन सकेको छ । विभिन्न आय मूलक गतिविधिहरूले जीवन स्तर माथि उकास्न समेत सहयोग पुर्‍याउदै आइरहेको छ । यस आर्थिक वर्ष २०६८ श्रावण देखि २०६९ असार सम्म समूहको सकृयता र सहास नेपालको सहयोगमा निम्न कृयाकलापहरू सम्पन्न गरीएको छ ।

समूहहरूको नियमित बैठकमा भाग लिई उनीहरूले उठाएका समस्यामा सामुहिक बिश्लेषण गर्ने, श्रोतको बिश्लेषण गर्ने र पहिले गरेका कामको समिक्षा गर्ने कार्य सम्पन्न गरिएको छ । समूहको बैठकमा वार्षिक कार्ययोजना तयार गरि मूलसमितिमा पठाउने कार्य गरेका छन भने मूलसमितिले सो योजनालाई अनुगमन गरी संस्थामा सिफारिस गर्ने गरेका छन । समूह र मूलसमितिको नियमावली माथि छलफल गर्ने र कार्यान्वयन प्रकृया अगाडि बढाउने काम भएको छ भने समूहमा लिखित हिसाब किताब राख्ने र बचत नियमावली बनाई समूहहरूले सिलाई कटाई, बाख्रा पालन, तरकारी खेती, नगदेवाली र च्याउ खेती जस्ता कार्यहरू गरी आम्दानी बढाएका छन् । समूहमा भएका झै–झगडा मिलाउने जाँड रक्सी, जुवा तास नियन्त्रण गर्ने, समूदाय गाउँ टोल सरसफाई राख्ने कार्य नियमित रूपमा गरिरहेका छन् । समूहले गरेको कार्य र प्रगति देखेर समूहमा सदस्यता बन्न निबेदन दिनेको संख्या बढेको छ । मूल समितिले प्रत्येक वर्ष वार्षिक सभाको आयोजना गरी कार्य प्रगति, आय–व्ययको विवरण र भावि योजना सार्वजनिक गर्ने गरेका छन् भने मूल समितिले आफ्नो गा.वि.स.को वार्षिक कार्य योजना प्रस्तुत गरी गा.वि.स.को बजेट छुट्याई मूल समितिले





परीचालन र व्यवस्थापन गरेका छन् भने गा.वि.स. को भवनमा कार्यालय राख्न सफल भएका छन् । यसबाट मूल समितिको कार्यमा पारदर्शिता बढ्नुका साथै समूहहरू संस्थागत हुने प्रकृया अगाडि बढेको छ ।

समूहले वार्षिक कार्ययोजना तयार गरी मूल समितिमा पेशगरेका योजनाहरूलाई प्राथमिकताको आधारमा छनौट गरी आगामी वर्षको वार्षिक कार्ययोजना तयार पारेका छन् । यसरी प्राथमिकिकरण गरिएका योजनाहरू र मूल समिति आफैले तर्जुमा गरेका योजनाहरू सम्पन्न गर्नका लागि इलाका १० का चारवटा गा.वि.स.का मूल समितिहरूले सम्बन्धित सहयोगी निकायमा सिफारिस गरेका छन् । जसले गर्दा श्रोत साझेदारीमा कार्य गर्न सहयोग पुगेको छ भने मूल समितिको योजना तर्जुमा गर्ने सिप बढेको छ । मूल समितिले निम्न योजनाहरू यस वर्षको लागि तय गरेका छन्ः खानेपानी योजना, कुवा, सिंचाई, बाटो मर्मत, चर्पी निर्माण, संस्थागत क्षमता विकास र महिला सशक्तिकरण, महिलाको नेतृत्व विकास, महिला तथा बालअधिकारको बारेमा समूहमा छलफल गराउने र सामुदायिक विकासका कार्यक्रमहरू सरकारी तथा गैरसरकारी संस्थासंग समन्वय गरी संचालन गर्ने ।

मूल समितिको नियमावली तथा कार्ययोजनामा उल्लेख भए अनुसार भर्खरै यस वर्षको साधारण सभा सम्पन्न भएको छ । जस अनुसार इलाका १० मा रहेका मूल समितिहरू क्रमशः अबिरल विकास मंच मूल समिति माने भञ्ज्याङ्, सप्तरङ्गी मूल समिति थाक्ले, जागरण विकास मूल समिति टोक्सेल र नवज्योती मूल समिति माधवपुर रहेका छन् । उक्त सभाहरूमा स्थानीय राजनैतिक दलका प्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरू लगायत समूहका प्रतिनिधिहरू र एक अर्को मूल समितिका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । खुल्ला र बन्द गरी दुई चरणमा सम्पन्न साधारण सभाको खुल्ला सत्रमा मूल समितिको परिचय, हालसम्म सम्पन्न भएको कृयाकलापहरू, हासिल गरिएका उपलब्धिहरू, आय तथा व्याय विवरण साथै आगामी वर्षको वार्षीक योजना प्रस्तुत गरेका थिए भने बन्द सत्रमा मूल समितिको नियमावली माथी छलफल र आय व्याय विवरण माथि छलफल र अनुमोदन गर्ने कार्य भएको थियो । उक्त सभा सम्पन्न गर्ने सिलसिलामा अबिरल विकास मंच मूल समिति माने भञ्ज्याङ्को साधारण सभामा सहास–नेपालका अध्यक्ष ब्रह्म ध्वज गुरूङ्को पनि उपस्थिति रहेको थियो । उहाँको उपस्थिति, सल्लाह र सुझावले मूल समितिका सदस्यहरूमा हौसला बढेको छ । मूल समितिको साधारण सभा संचालन गर्ने प्रकृयाले संस्थागत क्षमता विकासमा सहयोग पुग्नुको साथै पारदर्शि रूपमा कार्यक्रम संचालन गर्न राम्रो अभ्यासको शुरूवात भएको छ । सहास नेपाल र समुदाय वीच सहमतिमा गठित गा.वि.स. स्तरिय सञ्जाल समूहहरूको दिगोपनाको लागि इलाका स्तरिय तदर्थ समिति गठन २०६८/१०/१४ गते भएको छ । जसमा दुई–दुई जना



प्रत्येक गा.वि.स.को मूल समितिबाट प्रतिनिधिहरूको सहभागिता रहेको र सहास नेपालको कर्मचारीहरूको सहजिकरणमा पहिलो वैठक बसी तदर्थ समितिको चयन गरियो । चयन प्रकृया सहभागीहरूको खुल्ला सहभागीतामा धेरै समय छलफलगरी अन्तिम निर्णय गरी तपशिल अनुसारको समिति चयन गरी सम्पन्न भएको थियो । यसपछि नयाँ समितिहरूको पहिलो बैठक वसी दुई विषयमा छलफल गरिनुका साथै नियमित समितिको बैठक र मनोनित सदस्यको चयन भएको थियो ।

नियमित समितिको वैठक प्रत्येक महिनाको तेश्रो शनिवार नियमित बैठक राख्ने निर्णय गरियो भने १ जना मनोनित सदस्य महिला, दलित माघवपुरबाट छान्ने निर्णय भयो । यसैगरी दोश्रो बैठकमा विधान मस्यौदामा विस्तृत छलफल गरी खाका तयार गरिएको थियो ।

**संस्थाको तदर्थ समितिमा रहेका पदाधिकारीहरू तपशिल अनुसार रहेका छन ।**

अध्यक्ष : अम्मता राई, कोषाध्यक्ष : ओईर माया श्रेष्ठ, उपाध्यक्ष : चन्द्र कुमारी काफले, सचिव : धन व. मगर, सहसचिव : इन्द्र वि.का. ,सदश्यहरू : दत्त सिं राई, लिल व. मगर, गंगा ब. राई

समूह संचालन नीति नियमावली र समूहको वार्षिक कार्ययोजना बनाउने कार्ययोजना तयार भएको जसले गर्दा समूहलाई काम गर्न सहज भएको छ । यसरी समूहमा संस्थागत प्रकृया शुरू भएको छ । समूहमा एकता र मेलमिलाप बढेको छ भने समूहमा हुने साना तिना भै झगडाहरू समूहमै मिलाउने गरेका छन् । बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसंग स्थानीय स्तरमा श्रोत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न सकेको छ । जस्तोः स्थानीय संघ संस्थाहरूसंग विभिन्न दिवसहरूको आयोजना र खानेपानी योजना मर्मत कार्यको लागि गा.वि.स. संग साझेदारी गर्ने तयारी भएको । दलित तथा महिलाहरूले अगुवाईको जिम्मेवारी लिन थालेका छन् । जसले गर्दा महिला नेतृत्व विकास भएको छ ।

समूह भित्रका गरीव समुदायहरूको जीवनस्तर माथि उकास्न र खाद्य सुरक्षामा समेत सहयोग पुग्ने उद्देश्यले विभिन्न आय मूलक तथा सिपमूलक गतिविधिहरू सञ्चालन हुदै आइरहेको छ । यस्ता गतिविधिहरूले गरीव समुदायहरूको जीवन स्तर माथि उकास्न ठूलो सहयोग पुग्दै आइरहेको छ । स्थानीय स्तरबाट कार्यकर्ता छनौट गरी ग्रामीण पशु स्वास्थ्य तालिममा सहभागी गराई अहिले आफ्नो गाँउ टोलमा पशुहरूको उपचार गर्दै आइरहेको छ । यस गतिविधिबाट समुदायहरूले आफ्नै घरमा विरामी पशुहरूको उपचार गर्न पाउँदा खुशीको अनुभव गर्दै आइरहेको छ । पशुहरू विरामी भएर मर्ने संख्या पनि कम हुँदै गइरहेको छ । पशु स्वास्थ्य कार्यकर्ताहरू पनि विरामी पशुहरूको उपचार आफ्नै घरमा बसेर गर्न पाउँदा आय स्तरमा समेत बृद्धि भएको बताएका थिए । यस कार्यलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउनको लागि २ वटा बडी जो क्यास्टेचर खरीद गरी पशु स्वास्थ्य कार्यकर्ताहरूले पालै पालो चलाउने गरी सहयोग गरीएको छ । गाँउ घरमा आधुनिक तरीकाबाट पशुहरूको फेर्ने (खसी पार्ने) काम गर्न पाएकोमा कार्यकर्ताहरू पनि खुशी भएका छन् । आर्थिक अवस्था कमजोर भएका समूहको सदस्य भावना राईलाई



३ महिने सिलाई कटाई तालिम पश्चात सिपलाई निरन्तर रूपमा परिचालन गर्न सकोस भनी रू. ७००० को मेशिन र रू. ३००० बरावरको कपडा सहयोग गरीएको थियो । यस पछि सिलाई कटाईलाई निरन्तर रुपमा चलाउन सकेको छ । अहिले आम्दानी गर्न थालेपछि बाल बच्चाहरूको शिक्षा, स्वास्थ्य र पालन पोषणमा सहयोग पुगेको छ भन्ने कुरा बताएका थिए ।



घुम्तिकोषको रकम परिचालन गरी सदस्यहरूले स्थानीय उत्पादनहरूको बिक्रि बितरण गरी रू. १,५०० देखि ५,००० सम्म आम्दानी गरेका छन् । उक्त आम्दानीले परिवारको लागि थप १ देखी ५ महिना सम्मको लागि खाद्यान्नको व्यवस्था गरेका छन् भने उनीहरूका बाल बच्चाहरूको शिक्षा र स्वास्थ्य उपचारमा सहयोग पुगेको छ । समूह सदस्यहरूले घर बगैंचा व्यवस्थापन गर्न थालेको छन् । जसले गर्दा उनिहरूलाई चाहिने तरकारीहरू उत्पादन गर्न थालेका छन् भने ताजा तरकारी प्राप्त गर्नुका साथै तरकारीमा लाग्ने खर्च बचत भएको छ । नगदेवाली सहयोग ईलाका १० का चार गा.वि.स. ४० जना समूहका सदस्यहरूले २६ पाथी स्वस्तिको विउ लगाई १५० पाथी सम्म उत्पादन गरेका थिए । ७ वटा बाख्रा साना किसानलाई सहयोग गरेकोमा हाल ५२ वटा सम्म पुगेको छ भने समूहमा सामुहिक वचत रू. १,००,००० सम्म जम्मा गरेका छन् ।

दक्षिण ललितपुरमा ६ वटा कृषक समूहहरू तरकारी र अन्न बालीका गुणस्तरीय वीउ उत्पादनमा लागेको पाइएको छ । ८ वटा लघु व्यवसायहरू सुचारू रहेका छन् जसमध्ये ६ वटा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता र २ वटा आरन काम गर्ने रहेका छन् । ७७१ जना कृषकहरूले वनस्पति र जनावरका जलवायु परिवर्तन अनुकुलका जातहरू सम्बन्धी तालिम तथा सहयोग प्राप्त गरेका छन् । ११४८ घरधुरीमध्ये ७५१ घरधुरीमा चर्पी बनी प्रयोगमा आएका छन् ।



सर्वेक्षणमा भेटिएका ४२ जना कुपोषित बालबालिकाहरू मध्ये ३२ को अवस्थामा सुधार आइसकेको छ । चार वटा विद्यालयहरूमा विद्यार्थीहरूले डालेघाँसको विरूवा लगाएका छन् । ५० वटा समूहमध्ये २४ समूहमा महिला अध्यक्ष रहेका छन् र समूहको निर्णय प्रक्रियामा सक्रिय भूमिका निभाएका छन् । आफुले उत्पादन गरेको ८५० के.जी. फर्सी इकुडोल ७ का मेदिनी प्रसाद घिमिरेले रू. १७,००० र मोहन राज घिमिरेले काउली र आलु खेतीबाट रू. ३०,००० सम्म आम्दानी गर्न सकेको छ । यसरी आम्दानी भएको रकमलाई अन्य शिक्षा, घर खर्चमा प्रयोग गर्दै आइरहेको छ ।



समाजको सकारात्मक परिवर्तन नै परियोजनाको लक्ष्य हो जस अन्तरगत परियोजनाले समूदायका सदस्यहरूलाई सामूदायिक विकास निमार्णका काममा एकताको भावना जागृत गराइ समूहमा आवद्ध गराई समाजको भलो हुने कामहरू सञ्चालनमा सहयोग गर्दै आईरहेको छ । जस अन्तरगत सामूहिक रूपमा बाटोघाटो निर्माण तथा मर्मत, सामूहिक रूपमा विकासका कृयाकलापहरू सञ्चालन गरी रहेका छन् । समूह र मूल समितिको सकृय जनसहभागितामा गोरेटो बाटो मर्मत २००० मीटर गरेका छन् । सरसफाईको अभियान सञ्चालन गरी हालसम्म २२१ वटा चर्पी निर्माण सम्पन्न भएको छ । समूहको सकृयतामा आगलागी पिडितलाई राहत संकलन गरी सहयोग गरेको । ४३ वटा समूहका दलित २१२ जना, जनजाती ८२६ जना र अन्य ११६ गरी जम्मा ११५४ यस सहासको कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित छन र ३० वटा समूहमा महिलाको नेतृत्व रहेको छ । तालिम गोष्ठिमा र समूहले सञ्चालन गरेको कार्यक्रमहरूमा महिलाहरूको सहभागिता बढेको छ । समूहमा नियमित बैठक तथा मासिक रूपमा बचत तथा ऋण परिचालन कृयाकलाप सञ्चालन भै समूहको सदस्यहरूले सस्तो ब्याजमा भनेको समयमा सजिलै ऋण प्राप्त गरी आय आर्जनका कार्यहरूमा लगानी गरेका छन् । तीन वटा इको क्लव गठन र विभिन्न किसिमका कार्यक्रम सञ्चालन - जस्तैः हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगीता, वातावरण सम्बन्धी लेख, र विद्यालय वगैचा र वृक्षारोपण आदी गरेका छन् ।

समुदाय परिचालन र जनचेतना संगसगै सरोकार र सवाल संग जोडिएर आउने अर्को महत्वपुर्ण पाटो भौतिक निर्माणको पूर्वाधार विकास पनि हो । जुन कार्य क्षेत्रमा परियोजनाले सहयोग श्रोत साझेदारीमा कार्यक्रमहरू कार्यान्वयन गर्दै आईरहेका छन् । श्रोत साझेदारी अन्तर्गत गाँउ विकास समिति अग्रपंक्तिमा रहेका छन् भने अन्य



समूह, समुदाय मूल समितिहरूले अन्य ठाउँहरूमा प्रयास गरी योजनाहरू पारी कृयाकलापहरू सम्पन्न गरेका छन् । परियोजनाको आफ्नै क्षमता र समुदायको आवश्यकतामा आधारित भौतिक पुर्वाधारका निम्न कामहरू सम्पन्न भई सकेका छन् । २ वटा खा.पा.यो. सम्पन्नबाट ३६ घर जनजातीहरूको महिला ११० र पुरूष ११९ गरी जम्मा

२२९ जनालाई सफा र स्वच्छ पिउने पानी उपलब्ध भई स्वास्थ्य सुधारमा सहयोग पुग्न थालेको छ । सिंचाई १ वटा सम्पन्न भई १४ घर राई र मगर परिवारका ५६ रोपनी खेत सिंचित भई महिला ३७ र पुरूष ३८ गरि जम्मा ७५ जना लाई खाद्य सुरक्षामा सहयोग पुग्ने छ । १ वटा विद्यालय सम्पन्न भई २० जना छात्रा र २५ जना छात्र



गरी जम्मा ४५ जना बालवालिकाहरूलाई पठन पाठनमा सुविधा भएको छ । संस्थागत चर्पी निर्माण १ वटा सम्पन्न भई ४६ जना छात्र र ६९ जना छात्रालाई शौचालयको सुविधा भएको छ । जसले बिद्यालय वरी परी सरसफाईमा सुधार आएको छ भने छात्राहरूले विना हिनताबोध दिशापिसाव गर्न थालेका छन् ।

उदयपुर जिल्लामा समेत इनार निर्माण र मर्मत १० वटा, कुवा संरक्षण ४ र खानेपानी योजना २ वटा निर्माण पछि २८२ घर धुरीका १३९४ जना प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । यस्ता पूर्वाधार विकासका गतिविधिहरूले समुदायहरूलाई विकासका काममा सहभागी हुन उत्साह मिलेको पनि छ । २ वटा सिंचाई कुलो निर्माण (१२२० मी.) पछि ११ हे. खेती योग्य जमीन सिंचित भएको छ । हाल आएर पहिला भन्दा उत्पादनमा समेत बृद्धि भएको जसले गर्दा अन्न खपत पनि बढेको पाइएको छ । ३ वटा विद्यालय भवन निर्माणमा सहयोग गरेपछि करीव ४१३ जना विद्यार्थिहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् जसले गर्दा स्कुलको संरचना समेत नयाँ बनेको छ भने पढ्ने र पढाउने वातावरण पनि सहज भएको छ । विद्यार्थीहरूलाई समेत स्कूलमा गएर पढ्न हौसला मिलेको छ । यस्ता पूर्वाधार विकासका गतिविधिहरूमा ६८ प्रतिशत महिलाहरूको सहभागिता रहेको छ ।

## गर्दै छन् मूल समितिले प्रगती

इलाका १० का ४ गा.वि.स.मा गत वर्षदेखि सहास नेपालसँग आवद्ध समूहहरूको सञ्जाल मूल समिति मध्यबाट नवज्योती मूल समिति माधवपुरले गा.वि.स. को प्रोफायल २०६७/०६८ को काम सम्पन्न गरेको छन् यसै गरी अन्य विकासका कार्यक्रमबाट ५ प्रतिशतदेखि १० प्रतिशतसम्म मूल समितिमा जम्मा गर्ने काम आफनो गा.वि.स.मा शुरू गरेका छन् भने भौतिक निर्माण काममा जस्तै झोलुङ्गे पुल खानेपानी र विद्युतमा पनि सहयोग जुटाउने काम गर्दै आईरहेका छन् । अविरल विकास मञ्च मूल समिति मानेभञ्ज्याङ्गले अन्य गा.वि.स. मा समन्वय गर्ने कार्य लगायत आफनो मुल समिति चिनाउने कार्य गर्नुका साथै आर्थिक वर्ष २०६८/०६९ सालको गा.वि.स. को वजेटमा गा.वि.स. को योजना तर्जुमा गोष्ठिमा सहभागी भई रू. २५,००० मूल समिति कार्यालय व्यवस्थापन तथा कृषि कार्यक्रमको लागी बजेट छुट्याई आफ्नो परिचय देखाउन सकेका छन् भने नवज्योती मूल समिति माधवपुरले गाउँ विकास समितिबाट रू. २५,००० छुट्याउन सकेका छन् । यसरी मूल समितिको सकृयतामा सरकारी तथा गैरसरकारी संस्थाहरूसंग साझेदारी गरी विकासका काममा योगदान पुर्‍याउदै आइरहेका छन् । समूहले प्राथमिकिकरण गरेर पठाएका योजनाहरूको मूल्याङ्कन गर्ने योजनाको अनुगमन गर्ने र वार्षिक साधारण सभा आयोजना गरी कार्यक्रम तथा प्रगति विवरण र आय व्ययको विवरण सार्वजनिक गरी कार्यक्रममा पारदर्शिता कायम गर्न महत्वपूर्ण भूमिका खेल्दै आइरहेका छन् ।



# सामुदायिक विकासमा महिलाहरूको अग्रसरता

कालीदेबी महिला समूह बुखेल–२ बि.सं. २०६१ मा गठन भएता पनि निश्क्रिय रूपमा समूहको नाम मात्रमा सिमित थियो । यस समूहमा १५ जना जनजाती महिला र ८ अन्य गरी २३ जना महिलाहरूको सहभागीता रहेको छ । समूह अध्यक्ष गोरीमाया तामाङ्ग भन्नु हुन्छ, समूह त बन्यो तर समूहले कसरी सामाजिक उन्नती गर्ने, कसरी समूहलाई अगाडी बढाउने भन्ने बारेमा केही थाहा नभएको कारण समूह निस्क्रिय रूपमा रहेको थियो । यसै बखत सहयोगी हातहरूको समूह (सहास) नेपाले हाम्रो गाउँमा बि.सं. २०६७ सालमा कार्यक्रम सुरूवात गर्‍यो । जब यो संस्था हाम्रो गाउँमा भित्रियो हामी जस्ता पिछडिएका महिलाहरूलाई सहयोग गर्ने रहेछ, हामीलाई सहास नेपालले समूह सञ्चालन गर्ने तरिका, सदस्यहरूको भुमिका, समूहले गर्नु पर्ने कामहरूको बारेमा सिकाउनु भयो र हामी अगाडी बढ्न थालेका हौ । संस्थाले हामीलाई समूह सञ्चालन गर्ने, साथै



विभिन्न तरकारी खेती, फलफुल खेती जस्ता तालीमहरू पनि हामीलाई दिएको छ, जसले गर्दा हामीलाई अगाडी बढ्न सहयोग पुगेको छ ।

पुरूष प्रधान समाजको सामु हामीले समूहको कार्ययोजना बनाएर नियमित सामुदयिक विकासका कामहरू अगाडी बढाउने गरेका छौं । हाम्रो समूहको लिखित कार्ययोजना छ । हामीले आफ्नो गाउँलाई कसरी अगाडी बढाउन सकिन्छ, राम्रो पार्न सकिन्छ, भन्ने बारेमा समूह बैठकमा छलफल गर्छौं र योजना बनाउँछौं अनि कार्यान्वयन गर्छौं । यसको नमुनाको रूपमा यो समूहले सार्किडाँडाँ देखि कोशिबन सम्म १ मी. चौडाको बाटो लगभग २.५ कि.मी. लामोबाटो निर्माण महिला समूहको पहलमा सम्पन्न भएको छ । यसको लागी समूहका २३ जना महिलाहरू ३ दिनसम्म बाटो खन्नका लागी खट्नु परेको थियो । पहिला पहिला महिलाहरूका कुरा सुन्नु हुन्न भन्ने पुरूषहरूको समेत उक्त काममा सहभागिता रहेको थियो । ३ जना पुरूष दाजुभाईहरू महिलाहरूको कामबाट प्रेरीत भई दैनिक साथ दिनु भएको थियो । कुनै पनि व्यक्ति संस्थाको आर्थिक सहयोग बिना महिलाहरूको आफ्नै मेहनत र प्रयासबाट यस्तो कठिन कार्यको सफलताले अन्य समूह, समुदायलाई पनि पाठ सिक्ने मौका यस समूहले दिएको छ । समाज दिनानुदिन परनिर्भर हुनेक्रम बढ्दै गएको अवस्थामा यस्ता साहसिक कार्यबाट स्वावलम्भि हुने प्रेरणा मिलेको छ । यस समूहमा आफ्नै सक्रियतामा संकलित समूहकोष रहेको छ । जसबाट समूहका अति गरिवहरूलाई आयमूलक कामको लागी सर्वसुलभ कर्जा दिईन्छ, कुनै पनि कुराको निर्णय गर्दा सबैको सहभागीतामा गर्नु, मौका नपाएकाहरूलाई प्राथमिकता दिनु, पिछडिएका सदस्यहरूलाई अगाडी बढाउने प्रयास गर्नु यस समूहको मागदर्शक शिद्धान्त हुन् ।

# जैविक इन्धन परियोजना - ओखलढुङ्गा



विगत ५ वर्षदेखि मानविय उर्जा तथा बातावरणीय विकास मंच (PEEDA) सँग ओखलढुङ्गा जिल्लामा जैविक इन्धन परियोजना अन्तर्गत सजीवन खेती प्रवर्द्धन परियोजना कार्यान्वयन भइरहेको छ । स्थानीय स्तरमा खेर गइरहेको सजीवनलाई कसरी व्यवस्थित गर्ने र सुधारीएको विरूवाहरू सहयोग गरी बढी भन्दा बढी आम्दानी लिन सक्ने बनाउने यस परियोजनाको मूख्य उद्देश्य रहेको छ । यस आर्थिक वर्षमा पनि निरन्तर रूपमा विगतमा जस्तै गतिविधिहरू सम्पन्न भएका छन् ।

समुदायको सकृयतामा स्थानीय स्तरमा उत्पादन भएका सजीवनका विउहरू संकलन गरी परियोजनाले प्रति के.जी. रू. २० को दरले खरीद गरीदिएको थियो । यस वर्ष २१५ के.जी. विउ संकलन भएको छ । यसरी स्थानीय स्तरमा उत्पादन भएको विउ खरीद गर्न थालेपछि स्थानीय समुदायहरूलाई सजीवन खेती तर्फ चासो बढेको पाइएको छ । थोरै भए पनि आम्दानी गर्न पनि सकेको छ । गएको वर्ष आयश्रोतमा बृद्धि होस भन्ने उद्देश्यले गरीव समुदायहरूलाई १६ वटा बाख्रा समेत वितरण गरीएको थियो । हाल आएर १२ वटा पाठा पाठी बृद्धि गर्न सकेको छ भने कतिपय किसानहरूले पाठा पाठी बेचेर आम्दानी समेत लिन सकेको छ । त्यस्तै यस वर्ष पनि गरीव समुदायहरूको छनौट गरी सुँगुरको पाठी २१ जना कृषकहरूलाई सहयोग गर्ने काम सम्पन्न भएको छ । यस्ता गतिविधिहरूले सजीवन खेती लगाउनु पर्छ भन्ने हौसला समेत बढेको छ । स्थानीय कृषक प्रताप राईले लगाएको सजीवन खेतीमा १३ जनालाई सहभागी गराई १ दिने काँटछाँट तालिम समेत सम्पन्न भएको छ । जसले गर्दा सहभागीहरूलाई कसरी काँटछाँट गर्ने भन्ने सिप, ज्ञानको विकास भएको छ । स्थानीय स्तरमा नै कदमको विरूवा सजिलै उपलब्ध हुन सकोस भनेर ४ वटा गा.वि.स.मा ७ वटा नर्सरी व्याड तयार गरी ८२२२ वटा विरूवा समेत सार्नको लागि तयारी अवस्थामा भएको छ । यस विरूवा वितरणको लागि कृषकको समेत छनौट गर्ने काम सम्पन्न भएको छ । कदम खेती तर्फ बढी आर्कषित भएका अगुवा कृषकहरूलाई उनीहरूमा थप हौसला र सिपको विकास होस भन्ने उद्देश्यका साथ चितवनको चुम्लिङ्ग कदम अनुसन्धान केन्द्रमा कदम खेती व्यवस्थापन तालिममा १३ जना सहभागी भएको थियो । यस तालिमले कदम खेती अझ व्यबस्थित रूपमा कसरी गर्न सकिन्छ भन्ने बारेमा थप सिप ज्ञान पाएको कुरा सहभागीहरूले वताएको थियो । आफ्नो क्षेत्रमा फर्केर व्यबस्थित रूपमा कदम खेती लगाउने भन्ने प्रतिवद्धता समेत गरेको थियो । स्थानीय समुदायहरूको सकृयतामा मानेभन्ज्याङ्ग गा.वि.स.मा स्थापना गरीएको कदमको तेल पेल्ने र कुटानी पिसानी मिलबाट हालसम्म जम्मा २,००,००० बराबरको रकम आम्दानी भएकोमा सम्पूर्ण खर्च कटाएर रू. २८,००० रकम समूहले आम्दानी समेत गर्न सकेको छ ।



# घर बगैंचा परियोजना ओखलढुङ्गा

विगत ३ वर्ष देखि ओखलढुङ्गा जिल्लाको विभिन्न गा.वि.स.हरूमा LI-BIRD पोखरासँगको साझेदारीमा घर बगैंचा परियोजना कार्यान्वयन भइरहेको छ । कम्तिमा पनि आफ्नो लागि आफैले तरकारी उत्पादन र पशु पन्छिहरू पालेर पोषण यूक्त खानेकुरा खानुपर्छ भन्ने यस परियोजनाको उद्देश्य रहेको छ । यस परियोजनाबाट हाल दलित १४६, जनजाती १०९ र अन्य २८ गरी जम्मा २८३ घरधुरीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । यस अवधिमा १६१ घर धुरीले १० भन्दा पनि बढी जातीका विउहरू आफ्नो घरमा भित्राउन सक्षम भएको छ । यसले गर्दा विभिन्न जातीका विउहरू लगाएर खान पाएका छन् । १२४ घरधुरीले हरेक मौसममा ६ भन्दा बढी जातका तरकारीहरू उत्पादन गर्न सक्षम भएको छ । के मौसमी के बेमौसमी दुवै समयमा ताजा तरकारीहरू खान पाइरहेका छन् पहिला पहिला सुख्खा समयमा तरकारी भनेको देख्न समेत नपाउने अवस्थामा हाल आफैले उत्पादन गरी खान पाएका छन् । घर बगैचाले उत्पादित तरकारी लगायत अन्य सामग्रीहरू बेच्न पनि सकेको छ । हाल सम्म ४१ घरधुरीले उत्पादन गरेको तरकारी लगायत अन्य सामग्रीहरू बेचेर बार्षिक रू. ५,००० भन्दा बढी कमाउन सकेको छ । घर बगैचा परियोजनाले पोषणयूक्त खानेकुरामा पनि ठूलो सहयोग गरेको हुनाले ओखलढुङ्गा जिल्लामा कार्यरत ग्रामीण स्वास्थ्य विकास परियोजनाले गरीव तथा विपन्न वर्गको स्वास्थ्य सुधारको लागि घर बगैचा कार्यक्रमलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गरेको छ । जिल्ला विकास समितिले समेत विकास गरेको आवधिक जिल्ला विकास योजनामा समेत प्रत्येक घर व्यबस्थित घर वगैचाको रूपमा विस्तार गर्ने लक्ष्य लिएको छ ।



# पहाडि मकै बालि अनुसन्धान परियोजना ओखलढुङ्गा

पहाडि मकै बालि अनुसन्धान परियोजना ओखलढुङ्गा

CIMMYT नेपालसँगको साझेदारीमा ओखलढुङ्गा जिल्लामा पहाडि मकै बालि अनुसन्धान परियोजना विगत ३ वर्षदेखि कार्यान्वयन भइरहेको छ । स्थानीय स्तरमा मकैको विउ उत्पादन गरी अन्य गा.वि.स.मा समेत विउ वितरण गर्ने लक्ष्यका साथ यो परियोजना कार्यान्वयन हुदै आइरहेको छ । विशेष गरी मनकामना ३, पोषिलो मकै, गणेश १ र देउती मकैको परिक्षण समेत गरीएको छ । मकैको विउको सुरक्षित भण्डारणको लागि भवन समेत निर्माण भएको छ ।



परम्परागत रूपमा बारीहरू जोत्दै आइरहेको जस्तो गोरू प्रयोग गरेर जोत्ने हुनाले समय पनि धेरै र खर्च पनि धेरै लाग्ने हुनाले मिनि पावर टिलर मेशिन प्रयोग पछि समयको बचत, सजिलो र कम खर्चिलो समेत भएको छ । यस परियोजनाले गर्दा कृषक स्वंयमको लागि आवश्यक गुणस्तरीय विउको उत्पादन शुरू भएको छ । CBSP मा संलग्न कृषकहरूको आय स्रतमा वृद्धि भएको छ । समुदायहरूमा लगाउदै आएको पुराना जातहरूमा परिमार्जीत गरी विउको आदान प्रदान समेत हुन सकेको छ ।



# स्थानीय झोलुङ्गे पुल कार्यक्रम ओखलढुङ्गा

स्थानीय झोलुङ्गे पुल कार्यक्रम ओखलढुङ्गा



स्थानीय झोलुङ्गे पुल कार्यक्रम ओखलढुङ्गा जिल्लामा २०६१ सालदेखि शुरूवात गरीएको हो । जिल्ला विकास समिति ओखलढुङ्गा र सहयोगी हातहरूको समूह (सहास) नेपाल बिचको सम्झौता बमोजिम उक्त कार्यक्रम कार्यान्वयन भइ रहेको छ । हालसम्म २३ वटा झोलुङ्गे पुलको निमार्ण कार्य सम्पन्न भइ सकेको छ । आर्थिक वर्ष ६८/६९ मा सम्पन्न कृयाकलापहरू निम्न बमोजिम रहेका छन् । यस आर्थिक वर्षमा ५ वटा झोलुङ्गे पूलको निमार्ण कार्य सम्पन्न गरियो ।

टि.बि.एस.यू काठमाण्डौंको सहयोगमा नमूना झोलुङ्गे पुल तालिम उदयपुरको घुर्मी र रामेछापको सांघुटारमा सम्पन्न भएको थियो । यस तालिमको मूख्य उद्देश्य बन्दै गरेको पुलबाट सहभागीहरूलाई बोलाएर सामाजिक तथा प्राविधिक ज्ञान दिनु थियो । यस तालिममा दुबै ठाउमा गरी सातवटा पुलबाट २८ जना सहभागीहरूको सहभागिता रहेको थियो । जस मध्ये २० जना महिला सहभागीहरू थिए । यस तालिम पश्चात सहभागीहरूले आफ्नो क्षेत्रमा बन्ने पूलमा आफुले सिकेको सिप ज्ञानलाई प्रयोग गर्ने कार्ययोजना समेत बनाएका थिए ।

अघिल्लो आर्थिक बर्षमा निर्माण कार्य शुरू भई निर्माण कार्य सम्पन्न हुन बाँकि पुलहरूको स्टमेट गरी पेस गर्ने कार्य सम्पन्न गरीयो । उक्त पुलहरूमा, डेडम्यन ढलान, लठ्ठा तान्ने कार्य, लोड दिने, र पुल फिटिङ्ग गर्ने कार्यमा प्राबिधिक सहयोग गरिएको थियो । श्यांगु दोभान, धारापानि, पहरेफेदी झोलुङ्ग पुलको स्टमेट गरी पेस गर्ने कार्य सम्पन्न गरीएको थियो । उक्त पुलको आर्थिक सम्झौता पनि सम्पन्न गरिएको थियो । यसै गरी बुधबारे, ढाँड खोला, सेप्लि, बलौटे पुलको अन्तिम जांच पास, सार्वजनिक लेखा परीक्षण, पुल मर्मत समिति गठन, सम्पन्नताको प्रमाण पत्र वितरण गर्ने कार्य सम्पन्न गरियो ।



टि.बि.एस.यू काठमाण्डौंको आयोजनामा २ दिने झोलुङ्गे पुलको अध्ययन तथ्यांक संकलन तालिममा सहभागी भइ निर्माण कार्य सम्पन्न भइ सकेका पुलहरू मध्येबाट सेप्लि ट्रस र बुधवारे झोलुङ्गे पुलको अध्ययन तथ्यांक संकलन गर्ने कार्य सम्पन्न गरी टि.बि.एस.यू काठमाण्डौमा पेस गर्ने कार्य सम्पन्न गरीयो । यसबाट पुलको निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित समुदायमा पुल निर्माण कार्यले पुर्‍याएको प्रभाव बारे जानकारी भएको थियो । यसबाट समुदायको हेल्थ पोष्ट, बजार, स्कूल जस्ता ठाउँमा पहुँच बढेको छ ।

टि.बि.एस.यू काठमाण्डौंले आयोजना गरेको ४ दिने सामाजिक परीचालन तालिममा सहभागी भइ झोलुङ्गे पुल निर्माणको क्रममा सामुदायिक परीचालनको सिप आर्जन भई समुदायलाई पुल निर्माण कार्यमा सहभागिताको लागि उत्प्रेरित गर्न सहज भएको छ ।

१२ वटा नयाँ पूलको सर्भे डिजाईन गर्न जिल्ला विकास समिति ओखलढुङ्गाबाट कार्य आदेश प्राप्त भएको छ भने यसै वर्ष ७ वटा पुलको निर्माण कार्य सम्पन्न गर्नको लागि सम्झौता समेत सम्पन्न भएको छ ।

समुदायहरूको सकृयतामा पूल सम्पन्न भइसकेपछि खोला वारी र पारी बसेका समुदायहरूलाई सहजै रूपमा आवत जावत गर्न सहज भएको छ । स्थानीय समुदायहरूलाई बजार सम्मको पहुँचमा धेरै सजिलो भएको छ जसले गर्दा बजारबाट अति आवश्यक समग्री खरीद गर्न सकेको छ । विद्यालय जाने साना साना बच्चाहरूलाई समेत ढुक्कसँग जान र आउन सक्ने भएको छ यसले गर्दा पढाइको स्तरमा समेत वृद्धि हुन थालेको छ भने नियमित रूपमा स्कूल जान सकेको छ । कुनै समयमा विरामी पर्दा विरामीलाई स्वास्थ्य चौकी समेत लान धेरै अप्ठ्यारो हुन्थ्यो भने अहिले जुन सुकै समयमा पनि लान सक्ने भएको छ । दैनिक रूपमा चाहिने घाँस दाउराको समेत सजिलै व्यवस्थापन गर्न सकेको छ । पुल नहुँदा खोला तर्न पर्ने हुन्थ्यो यस्तो समयमा ज्यानको ठूलो जोखिम मोल्नु पर्ने र कतिपयको त खोलाले ज्यान समेत लिन्थ्यो । पुल बनेपछि यस्ता जोखिमबाट समेत बच्न सकेका छन् ।



# गरीवी निवारण कोष कार्यक्रम ओखलढुङ्गा



सहयोगी हातहरूको समूह (सहास) नेपालले गरीवी निवारण कोष कार्यक्रमसँगको साझेदारीमा ओखलढुङ्गा जिल्लाको ४ वटा गा.वि.स.हरू (मानेभन्ज्याङ्, टोक्सेल, थाक्ले र माधावपुर) मा विगत २ वर्षदेखि गरीवी निवारण कोष कार्यक्रम कार्यान्वयन भइरहेको छ । यस अवधिमा सामुदायिक संस्थामा सिधै वित्त प्रवाह हुने हुँदा समुदायको जागरूकता र सहभागिता बढेको जसले गर्दा कृयाकलापहरू समयमा नै सम्पन्न गर्न सजिलो भएको छ । कार्यक्षेत्रका पछाडि परेका समुदायहरूको पहिचान गरेर काम गर्ने हुनाले अहिले उनीहरूको निर्णय प्रकृयामा पहुँच बढेको छ । समुदायहरू आफैमा सामाजिक विकृतिको बारेमा जनचासो लिई विभिन्न कार्यक्रमद्वारा सामाजिक विकृतिमा कमी ल्याउन सकेको छ । बढी भन्दा बढी स्थानीय श्रोत साधनको प्रयोग गर्ने हुनाले स्थानीय श्रोत र साधनको पहुँचमा वृद्धि भई अपनत्वको भावनामा समेत विकास भएको छ । समुदायहरू आफै नियमित रूपमा बचत गर्ने बानीको विकास भएको हुनाले आफ्नो कोषमा रकम वृद्धि गर्न सकेको जसले आवश्यक पर्दा समस्याहरूको समाधान गर्न सजिलो भएको छ । अहिले समूहमा पछाडि पारीएका समुदायहरूले पनि नेतृत्व लिई काम गर्दै आइरहेको छ । विभिन्न सामुदायिक विकासका गतिविधिहरूमा महिला र दलितहरूको सहभागिता बढेको पाइएको छ । गरीवी निवारण कोष कार्यक्रमले घुम्ति कोष मार्फत सहयोग गर्ने भएको हुनाले काममा प्रभावकारीता बढेको छ । आय आर्जन सम्बन्धी गतिविधिहरूले एक महिनामा भैंसी पालन गरेर रू. ४,५०० सम्म आम्दानी गर्न सकेको छ ।



# सामुदायिक संगठन मार्फत खाद्य सुरक्षा परियोजना - दैलेख



सहयोगी हातहरूको समूह (सहास) नेपाल द्वारा २०१० मार्च महिनादेखी CFGB/MCC क्यानाडा र नेपाल टिम जर्मनीको आर्थिक सहयोग र संस्थागत विकास संजालसँगको सहकार्यमा खाद्य सुरक्षामा सुधार ल्याउने उद्देश्यले सामुदायिक संगठन मार्फत खाद्य सुरक्षा सुधार परियोजना दैलेख जिल्लामा संचालन गरीरहेको छ । दैलेख जिल्लाका रानीवन, वडलम्जी, काशिकाँध, चामुण्डा गा.वि.स.हरू र नारायण नगरपालीका गरी जम्मा ४ गा.वि.स. र एक नगरपालीकामा काम गरीरहेको छ ।

यस परियोजनाको लक्षित घरधुरी ९०७ भएता पनि हाल ११३९ घरधुरीको ४५ वटा समूह गठन गरी उक्त समूह मार्फत काम गर्दै आईरहेको छ । यि मध्ये महिला समूह ८ वटा, दलित समूह ५ वटा, मिश्रीत समूह २८ वटा, अन्य समूह २ वटा र पुरूष समूह २ वटा रहेका छन् भने लाभान्वित जनजाती ११५ जना, दलीत ५३० जना, मुस्लीम १२ जना र अन्य ४८२ जना गरि जम्मा महिला ७६४ जना पुरूष ३७५ जना रहेका छन् ।



सम्पूर्ण घर धुरीहरूको आधारभूत पूनरावोलकन सर्वेक्षण गर्ने काम सम्पन्न भएको छ । यसले अझ बढी भन्दा बढी सदस्यहरूको अवस्थाको बारेमा जानकारी मिलेको छ । यस्तै ५ वटा गा.वि.स. भित्र किसानहरूले व्यबस्थित रूपमा लगाएको तरकारी खेतीमा अवलोकन गर्ने काम पनि भएको थियो । यस कार्यले सदस्यहरूमा तरकारी खेती लगाउनु पर्छ भन्ने उत्साह बढेको जसले उनीहरूलाई तरकारी खेती लगाउछौ भन्ने प्रतिवद्धता गर्न समेत सहयोग पुगेको छ । एकले अर्कालोमा गएर हेर्दा सम्वन्धमा समेत विस्तार भएको छ । यसले गर्दा अवलोकन पछि तरकारी खेती लगाउन थालेको छ भने व्यवहारमा समेत परिवर्तन हुन थालेको छ । जस्तो पहिला स्थानीय जातको विउ मात्रै प्रयोग गर्थ्यो भने अहिले उन्नत विउ प्रयोग गर्नुको साथै तरकारी पनि लगाउन थालेको छ । समूहका सदस्यहरूलाई नेतृत्व विकास सम्बन्धी तालिमको पनि आयोजना भएको थियो । यस तालिम पश्चात सहभागीहरूले नेतृत्व सम्बन्धी ज्ञान पाई समूह समूह विच सम्बन्ध विस्तारमा सहयोग पुगेको छ भने तालिममा सिकेका कुराहरूलाई सदस्यहरूमा समेत बाँडेका छन् । यस्तै समूहमा असल नेतृत्वको विकासमा सहयोग पुगेको छ । मेरो जिम्मेवारी के हो भन्ने बारेमा पनि समूहका सदस्यहरूले बुझ्न थालेका छन् जसले गर्दा समूहलाई प्रभावकारी रूपमा परिचालन गर्न सहयोग पुगेको छ ।



यसै गरी समूहले बनाएका कार्ययोजना अन्तर्गत खानेपानी तथा सिंचाई योजनामा समेत सहयोग गर्ने कार्य सम्पन्न भएको छ । यस अन्तर्गत सिंचाई, कुलो, पोखरी र खानेपानीको भौतिक विकासमा सहयोग पुगेको छ । यसले गर्दा कृषकहरूलाई पानीको समस्याबाट मुक्त भई समयमा नै धानको विउ राख्न सकेको छ भने उत्पादनमा समेत वृद्धि भएको छ । यसरी सम्पन्न कृयाकलापहरूमा समुदायहरूको योगदान २० प्रतिशत सम्म रहेको छ जसले गर्दा कृयाकलापहरू सम्पन्न भए पछि आफ्नोपनाको महशुस बढेको पाइएको छ ।



विगत वर्षमा समुदायहरूको सकृयतामा निर्माण भएको कृषि गोरेटो बाटो विभिन्न ठाँउमा बिग्रेको हुनाले सम्पूर्ण सदस्यहरूको सकृयतामा मर्मत गर्ने कार्य भएको छ । यस्ता कार्यले गर्दा समूहका सदस्यहरूमा उत्साह थपिएको छ । यस वर्ष पनि समूह र संस्थाको सहकार्यमा १० कि.मि. बाटो निर्माण भएको छ यस कृयाकलापले गर्दा समुदायहरूले कामको लागि नगद मार्फत केहि दिन भए पनि रोजगारी समेत पाएका थिए । यसरी आम्दानी भएको नगदले घरायसी काममा समेत ठूलो सहयोग पुग्नुको साथै शिक्षा तथा आयमूलक गतिविधिमा समेत प्रयोग गरेका थिए । यस गोरेटो बाटो निर्माण पछि ३००० जना प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । गोरेटो बाटो निर्माण नहुँदा त्यस भेगका कृषकहरूले उत्पादन गरेका सामग्रीहरू सदरमुकाम सम्म लगेर बेच्नलाई धेरै ठूलो समस्या थियो तर हाल उत्पादन गरेका सामग्रीहरू सहजै रूपमा ल्याउन र लान सकेको छ यसले गर्दा कृषकहरूलाई उत्पादन गर्न पनि उत्साह जागेको छ । त्यस्तै विरामी हुँदा पनि ल्याउन र लान धेरै सजिलो भएको छ ।



यसै गरी पोषण शिक्षा कार्यक्रम अन्तर्गत पोषण यूक्त खानेकुराको बारेमा जानकारी भएको र आफ्नो बच्चाहरूलाई पनि पोषण यूक्त खानेकुरा खुवाउन थालेको छ । समुदायहरूले अहिले बाहिरबाट आएको जंक फुडमा पनि कमी आउन थालेको छ जसमा बच्चाहरूलाई पहिला चाउचाउ खाजा पठाउथ्यो भने अहिले स्थानीय स्तरमा उत्पादन भएको सामग्रीहरू नै पठाउने गरेको छ ।



समुदायहरूलाई बेमौसमीमा पनि तरकारी खेती कसरी गर्न सकिन्छ भनेर सिप विकास गर्नको लागि समुदायहरूको आवश्यकता अनुसार ३८ वटा प्लाष्टिक घर वितरण गरीएको थियो । यस प्लाष्टिक घरमा कसरी तरकारी खेती गरीन्छ भन्ने समेत सिप सिकाइएको थियो । अहिले कृषकहरू बेमौसममा पनि गोलभेडा खेती गरेर बजारमा समेत बेच्न सकेको छ ।

गरीव समुदायहरूको आय स्तरमा बृद्धि गर्नको लागि ४ वटा बोका र ११ वटा बाख्रा पनि सहयोग गरीएको छ । समुदायहरूको ५० प्रतिशत समेत योगदान रहेको बोकामा स्थानीय बाख्रामा नश्ल सुधारमा सहयोग पुगेको छ । बोका प्रयोग गरेबापत उठेको रकम समूहमा जम्मा गर्दै आइरहेको छ । बाख्रा सहयोगले समूहमा सहभागीता र सकृयतामा बृद्धि भएको छ । बाख्रा संख्या वृद्धि गर्दै लगेर आय आर्जन समेत गर्न थालेको छ । दैलेख जिल्लामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँगको समन्वय र सम्बन्धमा पनि वृद्धि हुदै गइरहेको छ भने सरकारी कार्यालयहरूसँग पनि समय समयमा अन्तरकृया गरी जानकारी दिने काम पनि भइरहेको छ ।

## झुपकलाको जंक फूड विरुद्धको पहिलो पाईला



सहास नेपाल द्वारा सञ्चालीत सामुदायीक संगठन मार्फत खाद्य सुरक्षा सुधार कार्यक्रम (IFCO) दैलेखबाट वडलम्जी गा.वि.स.मा समूह गठन गर्ने क्रममा वडा न. ३ मा पनि समूह गठन भयो । यसै क्रममा झुपकला नेपाली पनि हातेमालो प्रगतिशिल समूहमा सचिवको रूपमा काम गर्न थालीन । झुपकला बैठकमा नियमीत रूपमा आउने र समस्यामा छलफल गर्ने योजना वनाउनमा सहयोग गर्न थालीन् । IFCO कार्यक्रम बाटै वडलम्जीमा पोषण शिक्षा तालिम सञ्चालन भयो । उक्त तालिममा झुपकलाले पनि सहभागि हुने मौका पाईन् । तालिममा उनले राम्रो सहभागिता देखाईन् ।

तालिम पश्चात सिकेका कुराहरू अनुसरण गर्दै गईन् जसमा उनी जंक फूडको विरोधमा उत्रीन् । हरेक नयाँ कामको सुरूवात आफुबाटै गर्नु पर्छ भन्ने मान्यताका साथ उनले आफ्नो छोरीलाई सधै खाजाको रूपमा दिने चाउचाउ, चिजवलमा परिवर्तन गरी आफ्नै घरमा आफैले उब्जाएको मकै, भट्मास, गँहुको प्रयोग गरी सर्वोत्तम पिठोको लिटो तयार गरी बच्चालाई दिन सुरू गरेकी छन् ।

उनी भन्छन् – "मेरी छोरीले पहिला रू. २० देखि २५ सम्मको दैनिक रूपमा जंक फूडहरू खाने गर्थी, नदिई हुंदैन थियो झगडा गर्थि, उधारो भए पनि ल्याएर दिने गर्थे । अहिले सर्वोत्तम पिठोमा वानी पारेकी छु । चाउचाउ, चिजवल चाहिंदैन । यस्ता चिज दिनु भनेको त बाच्नको लागि होइन रहेछ मार्नको लागि मन्द विष दिएका रहेछौं ।" झुपकला अगाडि भन्छीन् "मेरो चाउचाउ र चिजवलमा खर्च हुने रूपैया जम्मा गर्दा ३ दिनमा १ प्याकेट तेल किन्ने रूपैया जम्मा हुने गरेको छ । सर्वोत्तम पिठोको लिटोले मेरी छोरीको स्वास्थ्य पनि राम्रो भएको छ ।"

उनी आफ्नो घरमा मात्र सिमित नरहेर आफ्नो छरछिमेक र समूहमा पनि जंक फूडको प्रयोग प्राण घातक छ भनी ज्ञान फैलाउदै हिड्ने गर्छिन् ।

# स्थानीय प्रयासद्वारा जीविकोपार्जन सुधार परियोजना - धादिङ्ग, गोरखा र तनहूँ



सहयोगी हातहरूको समूह (सहास) नेपालले (गोरखा, धादिङ्ग र तनहूँ) जिल्लाको जम्मा १२ वटा गा.वि.स.हरूमा स्थानीय प्रयासमा जीविकोपार्जन सुधार परियोजना विगत ३ वर्ष देखि कार्यान्वयन भइरहेको छ । यस परियोजनाले लक्षित गा.वि.स.हरूमा रहेका विपन्न, गरीव, आदिवासी, जानजाती, दलित महिला, अल्पसंख्यक तथा सिमान्तकृत र सरकारी तथा गैरसरकारी सेवाबाट वन्चित समुदायहरूको समूह गठनमा सहजिकरण मार्फत काम गर्दै आइरहेको छ । समूहहरूलाई संगठित, सशक्तिकरण र संस्थागत विकास गर्दै विभिन्न निकायहरूसँग समन्वय र सम्वन्ध विस्तार गरी श्रोतको साझेदारीद्वारा एकिकृत सामुदायिक विकासका कृयाकलापहरू मार्फत उनीहरूको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य रहेको छ ।

यस क्षेत्र अन्तर्गत समुदायहरूका सकृतामा र परियोजनाको सहयोगमा सम्पन्न भएका गतिविधिहरूबाट कृषकहरूले विउ उत्पादन तालिम पाए पछि पाएको विउलाई आफ्नो वारीमा लगाएको जसबाट विउ उत्पादन गर्न थालेका छन् । जसले गर्दा ताजा तरकारी खान पाएका छन् भने आगामी वर्षको लागि विउ किन्न अन्य ठाँउ जान नपर्ने समेत भएको छ । यस्तै समुदायहरूले उत्पादन गरेका तरकारीहरूलाई कसरी प्रभावकारी रूपमा बजारीकरण गर्न सकिन्छ भन्ने बारेमा समेत छलफल भएको थियो । यस छलफल पछि तरकारी उत्पादन गर्ने कृषकहरूले बजारमा तरकारीहरूको भाउ राम्रो पाउन थालेका छन् । त्यस्तै बजार सम्मको पहुँच धेरै सजिलो भएको महशुस गर्न थालेका छन् । अन्य व्यापारीहरू सँग पनि सम्बन्ध र समन्वय विस्तार भएको छ । यस्ता प्रकारका तालिमले समुदायमा घरायसी विषादी बनाई प्रयोग गर्ने, गोठे मल सुधार गर्ने, वस्तुको पिसाव संकलन गरी प्रयोग गर्ने जस्ता बानीको विकास भई माटो उर्वरा शक्तिमा वृद्धि भएको छ ।



यस क्षेत्रका ३ जना समुदायका सदस्यहरू ३५ दिने पशुस्वास्थ्य कार्यकर्ता तालिममा सहभागी भएका थिए । यस तालिमको मूख्य उद्देश्य स्थानीय स्तरमा नै पशुहरूको उपचार गर्न सक्ने बनाउने हो । यस अनुसार तालिममा सहभागि कार्यकर्ताले आफ्नो गा.वि.स. लगायत अन्य छिमेकी गा.वि.स.हरूमा समेत गई पशुहरूको उपचार गर्न सकेका छन् । आफ्नै क्षेत्रमा घरमा नै आई पशुहरूको उपचार भएको देख्दा स्थानीय समुदायहरूमा



पनि उत्साह बढेको छ । कार्यकर्ताहरूमा पनि हौसला बढ्नुको साथै आफ्नो आय श्रोत पनि वृद्धि भएको छ । अहिले पशुहरूको मृत्यू दर घट्न थालेको छ भने जिल्ला पशु सेवा कार्यालयसँग पनि सम्बन्ध विस्तार भएको छ । किसानहरूलाई बेमौसममा पनि कसरी तरकारी खेती गर्न सकिन्छ भनेर जम्मा ४४९ जना सहभागीहरूलाई बेमौसमी प्राङ्गारीक तरकारी खेतीको बारेमा प्राविधिक ज्ञान, सिप पाएका छन् । तालिम पश्चात तरकारीको विउ समेत सहयोग गरेको हुनाले यस्ले सहभागीहरूमा हौसला मिलेको छ भने तुरून्तै आफ्नो घरमा गएर तरकारी लगाउने प्रतिवद्धता समेत गरेका छन् ।



गरीव समुदायहरूको आयश्रोतमा वृद्धि गरी खाद्य सुरक्षामा सहयोग पुर्‍याउने उद्देश्यका साथ बाख्रा र बंगुर पालनमा परियोजनाबाट सहयोग पुर्‍याएको छ । पशु पाउने समूहका सदस्यहरूलाई बोलाई १ दिनको पालन र व्यवस्थापनको बारेमा प्राविधिक ज्ञान र सिप दिनाले उनीहरूले खोर निर्माण गरी सकेका छन् । हाल २३ जना सदस्यहरूले व्यवस्थित खोर बनाई बंगुर पाल्न थालेका छन् भने ९३ जनाले १७१ वटा बाख्राहरू व्यवस्थित रूपमा पाल्न थालेका छन् । जसमा १२१ जनाले बाख्राको खोर सुधार गरी व्यवस्थित रूपमा पालन गरेका छन् भने हाल बाख्राको संख्या बढेर २८८ वटा पुगेको छ । किसानहरूले व्यवसायिक रूपमा आम्दानी समेत लिन थाले पछि डाँले घाँस लगाउन पनि थालेका छन् । यस्ता गतिविधिले आय आर्जनमा समेत ठूलो टेवा पुगेको छ, जस्मा वार्षिक रू. ७५,००० सम्म एउटा किसानले आम्दानी लिन सकेका छन् । यस आम्दानीबाट बच्चा पढाउन र घर व्यवहार संचालन गर्न सहज भइ जीविकोपार्जनमा समेत सहयोग पुगेको छ ।



गरीव समुदायहरूको स्वास्थ्य र सरसफाइमा बृद्धि गर्ने उद्देश्यका साथ परियोजनाले स्वास्थ्य सम्बन्धीका विभिन्न कृयाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । यस्ता गतिविधिहरूले समुदायहरूको स्वास्थ्य र सरसफाईमा सुधार गर्न सहयोग पुगेको छ । परम्परागत रूपमा प्रयोग गर्दै आइरहेको चुल्होबाट हुने बेफाइदाको बारेमा छलफल भएपछि हाल समुदायहरूले धुवाँ रहित चुल्हो निर्माण गरेका छन् । जसबाट दाउरा पनि कम लाग्ने र स्वास्थ्यमा पनि कम हानी पुर्‍याउने हुनाले उत्साहका साथ चुल्हो निर्माण गर्न थालेका छन् । अझ समुदायहरू आफै नै बनाउन सकुन भनेर तालिम पनि आयोजना गरीएको थियो । तालिममा सिकेका

सिपको प्रयोग गरी ९७ वटा चुल्हो निर्माण गरी सकेका छन् । विशेष गरी बाल बच्चाहरूको पोषणमा सुधार ल्याउन पोषण परिक्षण गर्नुको साथै सर्बोत्तम पिठो बनाउने तरीका समेत सिकाइएको थियो । स्थानीय स्तरमा नै पाइने पोषणयूक्त खानेकुरा के के हुन सक्छन् भन्ने बारेमा समेत जानकारी गराइएको थियो । हाल आफ्नै घरमा नै सर्बोत्तम पिठो बनाई खाने चलन समेत बढ्दै गइरहेको छ । गाउँमा नै पाईने स्थानीय सामाग्री प्रयोग गरी २५२ जनाले भाँडा राख्ने चाँङ बनाएर प्रयोग गर्दै आइरहेका छन् । यसले गर्दा धोएका भाँडाहरू व्यवस्थित रूपमा राख्ने बानीको विकास भई सरसफाईमा समेत वृद्धि भएको छ । ६८ घर परिवारले फोहर फाल्ने खाल्डो समेत बनाएर फोहरलाई ठीक ठाउँमा फाल्ने बानीमा समेत बृद्धि भएको छ ।

यस्ता गतिविधिहरूले स्थानीय समुदायमा सरसफाईको स्तरमा वृद्धि भएको छ भने खेर जाने श्रोतको समेत सही रूपमा परिचालन हुन थालेको छ । चर्पी निर्माण गर्नेको संख्यामा समेत वृद्धि हुँदै गइरहेको छ जसले गर्दा खुल्ला दिशामूक्त क्षेत्र समेत घोषणा गर्न सहयोग पुगेको छ ।

यस्तै स्थानीय स्तरमा सीपको विकास भई आय श्रोतमा वृद्धि होस् भन्ने लक्ष्यका साथ गरीव समुदायहरूलाई उद्यमशिल विकास मार्फत विभिन्न गतिविधिहरू कार्यान्वयन गर्दै आइरहेको छ । यस अन्तर्गत १५ जनाले जैविक कोइला बनाउने तालिम पाएका छन् । आफुले सिकेका सिपलाई सहि सदुपयोग गर्दै दुई पटक गरी कोइला बनाएर बेचेपछि करीव रू. ४,००० आम्दानी गर्न सकेका छन् भने ११०० वटा कोईला बिक्रीको लागि तयारी अवस्थामा छ । प्रत्यक्ष आम्दानी हुन थालेपछि रोजगारीमा समेत वृद्धि भएको छ । १७ जना कृषकहरूले मौरी पालन तालिम पाई आधुनिक घार समेत प्राप्त गरेका छन् । यसले उनीहरूको आम्दानी समेत वृद्धि भएको छ । यस्तै ४ जना ४५ दिने मोबाइल बनाउने तालिममा सहभागी भएका थिए । यस तालिमबाट सहभागीहरूले प्रयोगात्मक रूपमा सिप र ज्ञान सिकी भर्खर उद्यम शुरू गर्न लागेका छन् । स्थानीय स्तरमा पाइने बाँस प्रयोग गरी मुढा र र्‍याक बनाउने तालिममा १२ जना सहभागी भएका थिए । १० दिन सम्म चलेको यस तालिमबाट सहभागीहरूले सामाग्री बनाउने सिप, ज्ञान र आवश्यक औजार समेत पाएका थिए । यस तालिम पश्चात सामाग्री बेचेर प्रति व्यक्ति वार्षिक रू. ४,२०० आम्दानी गर्न सकेका छन् ।

समूह भित्रका महिला सदस्यहरूलाई लैंगिक सचेतना र महिला कानुनी अधिकार सम्वन्धी तालिमको पनि आयोजना गरीएको थियो । १४२ जना महिलाहरूको सहभागिता रहेको यस तालिमले उनीहरूको हक अधिकारको बारेमा जान्ने मौका भएको थियो । आफुले सिकेका कुराहरू समूह भित्रका सदस्यहरूलाई पनि सिकाउदै आइरहेका छन् । घर परिवारमा पनि आवश्यकता अनुसार छलफल समेत हुदै आइरहेको छ । यसले गर्दा महिलाहरूको सहभागिता र निर्णय क्षमताको समेत विकास भएको छ । ५८ प्रतिशत समूहको नेतृत्व महिलाहरूले गर्दै आइरहेका छन् ।

स्थानीय समुदायमा आधारीत समूहहरूको क्षमता विकास गर्दै लाने परियोजनाको कार्य प्रक्रिया अनुरूप समूहको प्रतिनिधिहरूलाई समूह क्षमता विकास तालिमको आयोजना गरीएको थियो । यस तालिममा ११७ वटा समूहका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । यस तालिमले कार्य योजना कसरी निर्माण गर्ने र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार के के हो भन्ने बारेमा प्रष्टाउने काम समेत भएको थियो । हाल आएर समूहहरूले आफ्नो टोलको समस्याहरूको पहिचान गरी समाधान गर्दै आइरहेका छन् । पूर्वाधार विकासका गतिविधिहरूमा १० वटा समूहहरूले गा.वि.स. बाट श्रोत ल्याउन सफल भएका छन् । स्थानीय स्तरमा कार्यरत संस्था र गा.वि.स.हरू सँग सामुदायिक विकास काममा आफ्ना अधिकारका बारेमा सचेत भई सकारात्मक आवाज उठाउन थालेका छन् । प्रभावकारी रूपमा कोषको परिचालन गर्न सकुन भनेर लेखा व्यवस्थापनको समेत तालिम सञ्चालन भएको थियो ।

हाल समूहहरूले कोष र खाता पाता व्यवस्थित रूपमा सञ्चालन गर्दै आइरहेका छन् । ११७ वटा समूहहरूमा जम्मा गरेर २५,३०,४१७ रूपैयाँ जम्मा भएको छ र सो रकम आयमूलक कार्य, सामुदायिक विकासका कार्य र घरायसी समस्या समाधान गर्ने कार्यमा समूहले परिचालन गरिरहेका छन् जसले गर्दा स्थानीय साहू महाजनबाट दिईने चर्को व्याजबाट मुक्त भएका छन् ।

समूहको कार्ययोजनामा सहयोग गर्ने अनुरूप परियोजनाले पूर्वाधार विकासको क्षेत्रमा पनि सहयोग गर्दै आइरहेको छ । यस वर्ष २ वटा सिंचाई योजना निर्माण भई ५२ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् जले ६ हेक्टर जग्गा सिंचित हुनमा सहयोग पुगेको छ । हाल आएर उत्पादनमा बृद्धि हुन थालेको छ भने अन्नमा विविधता, प्रति इकाई जग्गामा प्रतिफल बढी र २ महिनाको लागि खाद्यान्न उपलब्धतामा वृद्धि भएको छ । समूहको सकृयतामा १६ वटा खानेपानी योजना निर्माण र मर्मत गर्ने कार्य सम्पन्न भएका छन् भने एउटा घैटे ट्यांकी समेत निर्माण भएको छ । यी योजनाबाट ३७९ घरधुरीका १२८४ जना सदस्यहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । प्रत्येक योजनामा मर्मत संभार कोषको स्थापना गरेको छन् भने तालिम सहित एक सेट मर्मत औजार पनि उपलब्ध गराईएको छ जस्ले गर्दा योजना दिगो रही स्वस्थ्य पिउने पानी सहज रूपमा पाउन थालेका छन् । यसले प्रत्यक्ष रूपमा महिलाहरूलाई फाईदा पुगेको छ किनकी टाढासम्म पानी लिन जान पर्थ्यो भने अहिले समयको बचत भई अन्य काममा लगाउन थालेका छन् । करेसाबारीमा सिंचाई भई तरकारी उत्पादन बढ्नाले पारिवारीक पोषण समेत सुधार हुन थालेको छ । शिक्षाको गुणस्तर बढाउनको लागि यस परियोजनाले पूर्वाधार विकासमा पनि सहयोग गर्दै आइरहेको छ । जस अनुसार १ स्कूल र १ बालशिक्षा भवन निर्माण र ४ वटा स्कूलहरूमा फर्निचर सहयोग भएको छ । पुर्वाधार विकासमा सहयोग पुगेपछि पढ्ने र पढाउने वातावरणमा सुधार भएको छ । विद्यालयको भर्ना अभियानमा र शिक्षाको गुणस्तरमा समेत वृद्धि गर्न सहयोग पुगेको छ ।



यस एक वर्षको अवधिमा १२० वटा विभिन्न कृयाकलापहरू सम्पन्न भएका छन् । जसबाट दलित ४७२, जनजाती २४५६ र अन्य ३७२ गरी जम्मा ३३०० घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँग (जि.वि.स., गा.वि.स., जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला शिक्षा कार्यालय, रीम्स नेपाल, जिल्ला भु-संरक्षण, समूह र सहास नेपाल) को साझेदारीमा विभिन्न पूर्वाधार विकासका गतिविधिहरू सम्पन्न भएका छन् ।

## अब आहालको पानी खानु पर्दैन



धादिङ जिल्लाको जोगिमारा गाविस चेपाङहरूको अत्यधिक बसोबास भएको गाविस हो । यस गाविसमा विगत लामो समयावधिदेखि सरकारी तथा गैरसरकारी संस्थाहरूले काम गरिरहेका छन् । यसै क्रममा सहयोगी हातहरूको समूह (सहास) नेपालले पनि विपन्न वर्ग, महिला, दलित तथा पछाडि पारिएका जनजातीहरूको क्षमता अभिवृद्धि तथा आयआर्जनमा सुधार गर्ने उद्देश्यले स्थानिय प्रयासमा जिविकोपार्जन सुधार परियोजना (इल्लिप) यसै जोगिमारा गाविसमा सञ्चालन गरेको छ । यसै क्रममा गा.वि.स.को छनौट परियोजना तहबाट छनौट गरिएको भएता पनि समूहहरू गठन गरी काम अगाडी वढाउन गा.वि.स. र स्थानिय राजनीतिक दलहरूसंगको समन्वय बैठकबाट छनौट गरियो । जसमा यस गा.वि.स.का विभिन्न गाउँ टोलहरू छानिएका थिए । जसमध्ये वडा नं. ७ थानसिङमा समूहमा पनि समूह गठन गरि काम गर्न सल्लाह तथा सिफारिस भएको थियो ।

यसै आधारमा थानसिङ गाउँका १९ घरधुरी चेपाङहरू रहेको टोलमा जमुना नामको समूह गठन गरि २०६६ सालदेखि इल्लिप परियोजना मार्फत समूहसंगको सहकार्यमा काम गर्न शुरूवात गरियो । कार्यक्रमको शुरूवातसंगै समूहमा नियमित बैठक, तालिम र सामाजिक विकासका काम शुरू गर्न थाल्यो । समूहको वार्षिक कार्ययोजना बैठकबाट तयार गरी प्राथमिकताको आधारमा श्रोत साझेदारीमा काम गर्ने अभ्यास विकास गर्न सहास नेपालले समूहलाई वार्षिक कार्ययोजना तयार गर्न सहजीकरण गरे पश्चात समूहले पनि यसको शुरूवात गरिरहेका छन् । यसै क्रममा समूहको कार्ययोजना तयार गर्दा यस समूहमा खानेपानीको समस्याबारे व्यापक छलफल भयो । गाईवस्तुले खाने पानी र १९ घरपरिवारका ती चेपाङहरूले खाने पानीको कुवा र आहाल एउटै रहेछ । समूहको यो दर्दनाक अवस्था देखेपछि खानेपानीको विषयमा छलफल भयो । खानेपानीको मुहानबारे बुझ्दा उनीहरूको नजिकको पानी पहिल्यै ०४५/०४६ साल देखि पल्लो वाहुन टोलमा लगेर व्यवस्थित गरी खाईरहेका रहेछन् । त्यसपछि समूह र सहास नेपालले यस गा.वि.स.का राजनीतिक दलहरूसंग बसेर छलफल गरि मूहान खोज्ने काम भयो । मूहान समूहबाट २१ सय मिटर टाढा पर्ने रहेछ । मुहानको व्यवस्था गरेपछि त्यसको विस्तृत रूपमा सर्भे गरि लागत अनुमान गरे पछि गा.वि.स.संग बसेर छलफल गरि श्रोत साझेदारीमा काम गर्ने निश्चित भयो । यसरी काम गर्दा सहास नेपालबाट रू. १ लाख ५० हजार र गाविसबाट रू. ५० हजार गरि २ लाखमा सामाग्री सहयोग गर्ने गरी काम अगाडी बढाइयो । समूहको डेढ महिनाको मेहनत र जनश्रमदानपछि एकवटा ट्याङ्की र ७ वटा धारा सम्पन्न भएको छ । हाल यी ७ वटै धाराहरूबाट समूहमा नियमित रूपमा पानी आउने गरेको छ जसबाट यस जमुना समूहका १९ घरधुरी चेपाङ समुदायले स्वच्छ सफा पानी पिउन पाएका छन् । यस खानेपानी योजनाबाट बढी भएको पानी समूहले तरकारी खेतीको लागि पनि प्रयोग गरेका छन् । यसबाट समूह सदस्यहरूले उत्पादन गरेको तरकारी खानपाएर स्वास्थ्य सुधारमा सहयोग पुगेको छ भने वढी भएको तरकारी विक्रि गरी आम्दानी पनि लिन थालेका छन् । नजिकै घरघरमा प्रशस्त पानी हुनाले व्यक्तिगत सरसफाई (नुहाउने, कपडा धुने तथा घरआँगन लिपघस आदी) मा समेत हिजोआज निकै परिवर्तन देख्न पाईन्छ । यस योजनाले स्वास्थ्य र पोषणमा सुधारका लागि समेत सहयोग पुगेको छ भन्नु हुन्छ विश्वनन्द चेपाङ । आफ्नो नजिकको पानीको मूहान पल्लो गाउँका टाठा बाठाहरूले लगेपछि वर्षौदेखि आहालको पानी खाएर जिवन निर्वाह गर्दै आएका यी चेपाङ समूदायहरू सफा खानेपानीको धारा घरघरमा बनाउन सकेकोमा अहिले निकै खुशी छन् ।

## यूवाले सावित गरिदिए



"जहाँ इच्छा त्यहाँ उपाय" भन्ने नेपाली उखान त थाहा नै छ यसलाई सावित गरेर देखाई दिएको छ २१ वर्षे अनुप थापाले गोरखा जिल्ला ताक्लुङ गा.वि.स वाड नं - ७ पिपल डाडाँ हाइवोय रोडबाट पैदल करिब ५ घण्टा लाग्ने गर्दछ । जहाँ जनजातिको बाहुल्लेता भएकोमा ३५ घर धुरी छन् जसमा १ घर दलित, १ घर अन्य र ३३ घर मगर रहेको छ । भौगोलिक बनावट पनि कोल्टो भएकोले शिक्षा क्षेत्रमा पनि टाढा छ । प्रा. वि. लेबलको स्कूल पनि नजिकै नभएको बजारीकरण पनि टाढा रहेको छ त्यहाँको मुख्य खेती मकै, कोदो हुन् । समुदाय दिन भरी काममा व्यस्त भई बिहान बेलुकी हातमुख जोड्नु पनि धौउ धौउ पर्ने हरेक किसिमबाट बन्चित भएको समुदायमा २०६६ चैत्र महिनामा "सहास नेपाल" ले समूह गठन गरि नियमित बचत तथा अन्य क्रियाकलापहरू गराउँदै आएको छ जसमा यस समूहमा २२ जना सदस्यहरू मध्य अनुप थापा पनि समूहमा आवद्धता हुनुहुन्छ । वहाँको परिवारमा ३ दाजुभाई २ दिदिबहिनी, बुबा, आमा गरि ७ जनाको परिवार हुनुहुन्छ । जसमा घरको अवस्था नाजुक भएकोले बुबा जागिरको सिलसिलामा मलेसिया र दाजु इन्डिया हुनुहुन्छ भने कान्छो भाई मामा घरमा बसेर पढ्ने गर्दछ । यसरी घरको सारा जिम्मेवारी अनुप आफुले समाल्दै आएको घरवारीको काम, मेलापात, गोठालो गर्दै हिड्नु पर्ने भएकोले कक्षा ८ को पढाईलाई पनि छाड्नु पर्‍यो ।

यसरी पढाई छाडेपछि "सहास नेपाल" मार्फत गठन गरिएको समूहको बैठकलाई निरन्तर दिइ मासिक बचत पनि जम्मा गर्दै आएको छ । यसरी गाई गोठालो जादाँ बासुरी बनाएर बजाउदै सबैलाई सुनाउने अनुप बासँबाट बिभिन्न सामाग्री बनाउने गर्दथ्यो । यसै गरी समूहलाई सहास नेपालले विभिन्न तालिम गोष्ठी दिइरहेको थियो । २०६७ चैत्र महिनामा सहास नेपालले दिएको मुढा बुन्ने तालिममा सहभागी हुने मौका पायौं । तालिम १० दिनसम्म रहेको हुदाँ उसले ध्यानपूर्वक सिक्ने कुरा गर्दै तालिममा जाने निर्णय भयो । यसरी आफूले "नयाँ काम गर्ने इच्छा पनि भएको" बताउनु भयो । तालिमपछि घरमा आएर दिदीसंग सापटी रू. २५०० लिई टायर, डोरी किनेर ल्याउनु भयो र आफैले बाँस काटी मुढा बुन्न शुरू गर्नुभयो । बुन्दै जाने क्रममा वहाँले अहिले १२ मुढा रू. ३०० को दरले बेची रू. ३,६०० कमाउनु भएको छ । यसरी वहाँ भन्नुहुन्छ समुदायमा नजिकको सानो पसलतिर हामीलाई पनि मुढा बुनीदिनु भन्ने माग आएको छ भनेर बताउनु हुन्छ ।

अनुपलाई एकदिन समूहका सदस्यहरूले पनि मुढा बुन्न सिक्ने कुरा राखेपछि समूहको २१ जना सदस्यहरूलाई यहि २०६९ बैशाख ५ देखि १५ सम्म १० दिन मुढा बुन्ने तालिम सञ्चालन गरी सिकाई दिए र समूहका सदस्यहरू पनि उत्साह पूर्व सिकेकाले २१ जना सदस्यहरूले २ वटाको दरको ४२ वटा मुढा बुने । यसरी अनुप भन्नुहुन्छ "तालिममा सिकाउँदा कति कुराहरू सजिलो भएको र कति कुराहरू गाह्रो हुंदोरहेछ । सिक्ने व्यक्तिहरूमा भर पर्दो रहेछ तर पनि आफ्नो सदस्यहरूलाई राम्रो सित सिकाए ता कि मैले जानेको सिप अरूले पनि जानोस् भन्ने चाहना" भनेर भन्नु भयो ।

SAHAS - NEPAL
सहास-नेपाल

## 'घुम्ति कोषले ल्याएको परिवर्तन'



तनहुँ जिल्ला देउराली गा.बि.स. वार्ड ६, पञ्चमी देबी समूहका सदस्य तिल बहादुर भुजेलको परिवारमा ३ छोरी र श्रीमती गरी जम्मा ५ जनाको परिवार छ । उनीहरूको जम्मा १ रोपनी जग्गा छ र ३ रोपनी जग्गा अधिया कमाएका छन् । उनीहरू फुर्सदको समयमा नाङ्लो बुन्ने काम गर्छन् । खेतीपाती र नाङ्लो बुनेर ६ महिना मात्र खान पुग्ने अवस्था रहेको थियो । त्यसैले उनी रोजगारीको लागी श्रीमती र छोरीहरूलाई छोडेर देबघाट गा.बि.स.को भतेरी भन्ने ठाउँमा कुखुरा फारममा काम गर्न गएका थिए त्यहाँ पहिले देखि आफ्नो नातेदारले पनि काम गर्दै आएका थिए जसले गर्दा त्यहाँ काम गर्ने अबसर पाएको जहाँ काम गर्दा उसले मासिक तलब रू. २,७०० थियो र काम गर्दै जादा तलब बढेर रू. ३,००० भयो त्यस तलबमा पनि खाएर बचेको पैसा रू. १,००० घरखर्चीका लागी पठाई दिने गर्दथे । धेरै दुख र फोहोरले बस्न नसक्ने भएर १४ महिना काम गरेपछि त्यहाँबाट छोडेर घरमा बस्दै आएका थिए । साथै घरमै बस्नु पर्दा उनले बाहिरी सहयोगको महसुस गरेका थिए । कुखुरा पालन सम्बन्धी अनुभव, आर्थिक अबस्था कमजोर देखेर समूहले पनि घुम्ति कोष सहयोग तिल बहादुरलाई दिने छलफल र निर्णय भयो । पहिला त घुम्ती कोष सहयोगको नियम थाहा नभएकोले उनले सहयोग लिन प्रतिबद्धता गर्न सकेन नियम थाहा भएपछि गर्ने निर्णय भएको छ । उक्त निर्णयलाई स्वीकार गरी सहास-नेपाल इल्लिप परियोजनाले २०६८ मंसिर महिनामा तिल बहादुर भुजेललाई रू. ५,००० नगद सहयोग गरीयो । त्यस पैसाले उनले कुखुरा पालन गर्ने निर्णय गरी पहिलो चोटी २६ वटा ब्रोइलर कुखुरा रू. ८० का दरले किनेर ल्याई २ महिना पालेर रू. ५०० का दरले २३ वटा बिक्रि गरी जम्मा रू. ११,५०० आम्दानी भएको र त्यसमा दाना पानीको खर्च कटाएर खुद नाफा रू ८,१०० गरेका थिए । दोस्रो पटक रू. १२० का दरले १९ वटा कुखुरा ल्याई २ महिना पालेर रू. २५० का दरले १६ वटा कुखुरा रू. ४,००० मा बिक्रि गरेका छन् र तेस्रो चोटी रू. २,५०० मा ५० वटा कुखुराको चल्ला किनेर ल्याएका र त्यसमा ३ वटा मरेर गएको र ४७ वटा कुखुरा रू. २३,४२५ बेचेको र दाना रू. १०,८३१ मा किनेर खुवाएका छन् ।

कुखुरा पालेर नाफा कमाएको पैसाले घर खर्ची चलाएका छन् । पहिला भन्दा घर खर्च चलाउन धेरै सजिलो भएको कुरा गर्नु भएको छ । उहाँको यस्तो कार्य देखेर त्यसै समूदायका २ जना अरू व्यक्तिले पनि कुखुरा पाल्न शुरू गरेका थिए तर उनीहरू संग कुखरा पालन सम्बन्धी अनुभब नभएको हुनाले मरेर गएको । हाल नाङ्लो बुन्ने पेशालाई छाडेर यसै पेशालाई निरन्तर दिने वहाँको भनाई छ । नाङ्लो बुन्ने काम भन्दा कुखुरा पालन पेशा नै सजिलो र फाईदा पनि भएको कुरा बताएको साथै आफ्नो कामप्रति धेरै खुशी भई यसैलाई निरन्तर दिने भनाई छ ।

# नागरीक शिक्षा परियोजना

राज्यद्वारा बहिष्करणमा पारिएका समुदायको अर्थपूर्ण सहभागितामा संविधान निर्माण प्रक्रियालाई सहयोग पुऱ्याउने उद्देश्य अनुरूप विगत २०६३ सालदेखि नेपालको विभिन्न १५ वटा जिल्लाहरूमा सहास नेपालले नागरिक शिक्षा परियोजना सञ्चालन गर्दै आईरहेको छ । परियोजना सञ्चालित जिल्लाहरू मध्ये सहास नेपालद्वारा ओखलढुङ्गा, उदयपुर, धादिङ, गोरखा र तनहुँ जिल्लामा परियोजना सञ्चालित छ भने अन्य जिल्लाहरूमा संस्थागत विकास संजाल र स्त्री शक्तिसँगको साझेदारीमा संचालित छ । परियोजनाको पहिलो चरण; संविधानसभा, यसको गठन प्रक्रिया, सामाजिक समावेशीकरण तथा राज्यको पुनः संरचनावारे समुदायको सचेतना तथा क्षमता अभिवृद्धिमा केन्द्रित थियो भने दोश्रो चरण; नयाँ संविधानका लागि समुदायका मुख्य सवालहरू संकलन, सञ्जाल निर्माण, संकलित सवालहरू संविधानसभामा पेश तथा उक्त सवालहरूमाथि वहस तथा पैरवीमाथि केन्द्रित थियो । त्यस्तै परियोजनाको तेश्रो चरण, समुदायका मुख्य सवालहरू नयाँ संविधानमा समावेशका लागि जिल्ला तथा राष्ट्रिय स्तरमा वहस तथा पैरवीमाथि केन्द्रित छ । यो प्रगती प्रतिवेदन आर्थिक वर्ष २०६८/०६९ मा परियोजनाले संपन्न गरेका क्रियाकलापहरू समेटीएको छ ।

नागरिक शिक्षा परियोजनाको तेश्रो चरणको वारेमा सरोकारवाला तथा कर्मचारीहरूलाई जानकारी गराउने उद्देश्य अनुरूप एक दिने जिल्ला (१५ वटा) तथा राष्ट्रिय स्तरीय (२ वटा) परियोजना अभिमुखीकरण कार्यक्रम राजनीतिक दल, सरकारी तथा गैरसरकारी कार्यालय तथा संस्थाका प्रतिनिधिहरू, जिल्ला नागरिक सचेतना समूह तथा राष्ट्रिय नागरीक सचेतना सञ्जालका सदस्यहरू, संचारकर्मी, परियोजना कार्यकारी समूहका सदस्यहरू तथा परियोजनाका कर्मचारीहरूको सहभागितामा संपन्न गरीयो ।



कार्यक्रममा परियोजनाका मुख्य उद्देश्य, क्रियाकलापहरू, बजेट तथा विस्तृत कार्य योजनाको वारेमा जानकारी पश्चात सरोकारवालाहरूको सल्लाह, सुझाव लिइएको थियो । अधिकांश सहभागीहरूले दोहोरोपना हटाउनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरूवीचमा उचित समन्वय तथा सहकार्य हुनु पर्ने, कार्यक्रम जिल्ला तथा राष्ट्रिय स्तरमा मात्रै केन्द्रित नगरी समुदाय स्तरसम्म पुऱ्याउनु पर्ने कुरामा जोड दिएका थिए ।

कार्यक्रमले सरोकारवालाहरूको वीचमा उचित समन्वय विस्तार, सहकार्यका लागि सहज वातावरण निर्माण साथै पारदर्शिताका लागि सहयोग पुऱ्याएको छ ।

तोकिएकै समयमा समुदायमुखी संविधान निर्माणका लागि समूह/सञ्जालवाट सशक्त ढंगबाट वहस तथा पैरवीको आवश्यकता पर्दछ । त्यस्ता सदस्यहरूको क्षमता सुदृढीकरण विना सशक्त वहस तथा पैरवी संभव हुन सक्दैन ।

तसर्थ जिल्ला नागरिक सचेतना समूह (५) तथा राष्ट्रिय नागरिक सचेतना सञ्जालका सदस्यहरूको अधिकारमुखी पद्धती तथा वहस/पैरवी विधिका वारेमा क्षमता सुदृढीकरण दुई दिने तालिम आयोजना गरीयो । उक्त तालिम राष्ट्रिय स्तरका विज्ञ तथा UNDP द्वारा संचालित नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग परियोजना (SPCBN) का विज्ञको प्राविधिक सहयोगमा संपन्न गरीएको थियो ।

तालिमले सदस्यहरूको नेपालमा संविधान निर्माण प्रक्रियाको वारेमा अद्यावधि, अधिकारमुखी पद्धती तथा वहस/पैरवीको वारेमा क्षमता अभिवृद्धिमा सहयोग गरेको छ । त्यस्तै संविधानसभामा पेश भएका समुदायका अधिकांश सवालहरू संविधानसभाको विषयगत समितिको प्रतिवेदनमा समावेश भएको निष्कर्ष निकाल्दै समावेश हुन बाँकी सवालहरूलाई समावेशका लागि पैरवी रणनीति तयार गरिएको थियो ।

संविधान निर्माण गर्न दवाव दिन जिल्ला/राष्ट्रिय नागरिक सचेतना समूह/सञ्जालको अगुवाई र आयोजनामा नागरिक संवाद, रेडियो/टीभी अन्तरसंवाद, छलफल, न्याली, धर्ना आदी कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पन्न भएका छन्, जसका कारणले समुदायका सवालहरूको सम्बन्धमा राजनीतिक दलहरूलाई सचेत गराएका छन् । १५ वटै जिल्लाका नागरिक सचेतना समूहका सदस्य तथा कर्मचारीहरूसंग भेटघाट तथा चिनजान भई एकापसमा अनुभव तथा सिकाईहरू आदान प्रदानले गर्दा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग पुगेको छ ।

समूह/सञ्जालका संरचना समावेशी चरित्रको वनाई सबैको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि समूह/सञ्जालको पुनः संरचना गरीएको छ । जसमा सह संयोजकको पद थपिएको छ तथा संयोजक र सह संयोजक मध्ये अनिवार्य एकजना महिलाको प्रतिनिधित्वको सुनिश्चित गरीएको छ । त्यस्तै सदस्यहरूको संख्या पनि थप गरीएको छ भने राष्ट्रिय नागरिक सचेतना सञ्जाल २१ सदस्यीय बनाइएको छ ।

जिल्ला नागरिक सचेतना समूह तथा राष्ट्रिय नागरिक सचेतना सञ्जालको बैठक नियमित रूपमा कम्तिमा दुई महिनामा एक पटक र आवश्यकताको आधारमा दुई पटक भन्दा बढी बस्ने गर्दछ, जसमा अधिकांश सदस्यहरूको सक्रिय सहभागिता रहने गर्दछ । जसमा समूह/सञ्जालले सञ्चालन गर्ने, सहभागिता जनाउने तालिम, गोष्ठी, सभा, सम्मेलन, सेमिनार, संवाद, अन्तर्क्रिया, धर्ना, न्याली, बैठक जस्ता कार्यक्रमहरूको विस्तृत कार्ययोजना निर्माण, श्रोतको खोजी, सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने संवन्धमा सहभागितामूलक ढंगबाट छलफल, विष्लेषण गरी निर्णय तथा कार्यान्वयन गर्ने गर्दछन् ।

सबै समूह/सञ्जालहरू क्रियाशिल भएका छन् । सदस्यहरूमा समावेशीकरणले गर्दा पालैपालो नेतृत्व गर्ने अवसरका कारण नेतृत्वको विकास भएको छ । सदस्यहरूले समूह तथा सञ्जालको काम प्रति अपनत्व ग्रहण गर्न थालेका छन् ।



जिल्ला नागरिक सचेतना समूह, गोरखाले मानव अधिकार एलाइन्ससंग साझेदारीमा "**स्थानीय शान्ति समिती र भावी भूमीका बिषयक अन्तरकृया कार्यक्रम**" सम्पन्न गरेको छ । देशको ७५ वटा जिल्लाका शान्ति समितिमध्ये सबै भन्दा कान्छो १३ सदस्यीय शान्ति समितिको रूपमा गठन भए पछि यसको काम, कर्तव्य, अधिकार र भावी

कार्यदिशाको वारेमा छलफल गर्नको लागि यो कार्यक्रम आयोजना गरीएको थियो । अन्य जिल्लाहरूको अनुभव पनि आदान प्रदान भएको सो कार्यक्रममा छिटोकाम शुरू गरोस् भन्ने सबैको चाहना र कार्ययोजना बनाएर काम गर्नु पर्ने कुरामा सबैले जोड दिएका थिए । कार्ययोजना बनाएर काम गर्ने र गा.वि.स. स्तरमा पनि यसलाई बढाउनको लागि सुझावहरू आएका थिए । समितिका सबै सदस्यहरूले कार्यक्रममा सुझावहरूलाई बैठकमा छलफल गरि कार्यान्वयनमा लैजाने प्रतिबद्धता गरेका थिए । सोही बमोजीम अहिले क्षेत्रिय स्तरमा भेला गरी द्वन्द पिडीतहरूको पहिचान गर्ने कार्य भइरहेको छ । त्यसै गरी गा.वि.स. स्तरमा शान्ति समिती गठनको काम पनि भईरहेको छ ।

जिल्ला नागरिक सचेतना समूह, गोरखाले जिल्लामा मानव अधिकार तथा शान्ति समाज र कोस्टरसंगको साझेदारीमा **शान्ति र संविधानः हाम्रो भविष्य, हाम्रो सरोकार** बिषयक बिचार गोष्ठीको आयोजना गऱ्यो । प्रमुख जिल्ला अधिकारी, राजनीतिक दल, नागरिक समाजका प्रतिनिधिहरू, पत्रकारहरूको कार्यक्रममा सहभागिता रहेको थियो । प्रमुख राजनीतिक दलका नेताहरूले भावी शान्ति र संविधानका वारेमा आफ्ना पार्टीको धारणा राखेका थिए । त्यस्तै मानव अधिकारकर्मी, कानुन व्यवसायीले पनि आफ्ना विचार राखेका थिए ।

सबै जात, जाती, क्षेत्र, लिंग, वर्ग अटाउने किसिमको समावेशी संविधान निर्माणका लागि राजनीतिक दलहरूको वीचमा बढ्दै गएको ध्रुवीकरण अन्त्य गरी अगाडी बढ्नुको विकल्प नभएको निष्कर्ष निकालिएको थियो । राजनीतिक दलका नेताहरूले केन्द्रिय स्तरका नेताहरूलाई शान्ति र संविधान निर्माण प्रति संवेदनशील बन्नका लागि दवाव दिने प्रतिबद्धता पनि व्यक्त गरेका थिए । छापा तथा विद्युतीय संचार माध्यमहरूले गोष्ठीको निष्कर्षको वारेमा महत्व दिंदै प्रकाशन तथा प्रसारण गरेका थिए जसले गर्दा धेरै व्यक्तिहरूले जानकारी पाउने मौका पाएका थिए ।



स्थानीय निकाय बलियो हुनुको महत्व र पुनः संरचनाको क्रममा यसको बारेमा संविधानसभाको राज्यको पुनः संरचना तथा शक्तिको बाँडफाँड समिति तथा राज्य पुनः संरचना उच्च स्तरीय सुझाव आयोगद्वारा तयार पारिएको प्रतिवेदनका बारेमा सरोकारवाला वीचमा बुझाइ स्पष्ट पार्ने उद्देश्यले जिल्ला नागरिक सचेतना समूह, तनहुँले **राज्यपुनःसंरचनामा स्थानीय निकायको स्वायत्तता** विषयक अन्तरकृया कार्यक्रम सर्व पक्षीय, सर्व दलीय निकायको सहभागितामा आयोजना गऱ्यो । विज्ञद्वारा प्रस्तुत कार्यपत्रमाथि राजनीतिक दलका प्रतिनिधिहरू तथा अन्य सहभागीहरूले टिप्पणी गरेका थिए । सहभागीहरूले स्थानीय निकाय कमजोर हुने गरि संघीयताको ढाँचा निर्माण हुन लागेको हुनाले त्यसो नगरी स्थानीय निकायलाई बलियो र अधिकार संपन्न बनाइए मात्र संघीयताको मर्म अनुसार हुने भएकोले नयाँ संविधानमा स्थानीय निकायलाई बलियो बनाउनको लागि जोडदार अपिल गरेका थिए । जिल्ला परिषद नजिकीदै गर्दा सो कार्यक्रम भएकोले स्थानीय स्तरसम्म बजेट बाँडफाँड गर्नको लागि पनि यस कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्छ भनेर टिप्पणी भएको थियो । जिल्ला परिषदको समयमा पनि राजनीतिक दलहरूले यस कार्यक्रमको कुरालाई उठाएका थिए ।



देशमा संविधान घोषणा हुनु पर्ने दिन नजिकींदै गर्दा विभिन्न जाती, समुदायहरूबाट आफ्ना हक अधिकार सुनिश्चीत गराउनका लागि भएको आन्दोलन चर्किदै गइरहेको थियो । तसर्थ सामाजिक सद्भाव के हुने हो भन्ने सबैको चिन्ता भईरहँदा जिल्ला नागरिक सचेतना समूह, तनहुँले जिल्लामा सामाजिक सद्भाव कायम राख्न सहयोग गर्ने उद्देश्यले **सामाजिक सद्भावका लागि रेडियो संवाद** कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा जातीय संस्थाका प्रमुख, मानव अधिकार कर्मी, पत्रकार महासंघका अध्यक्ष, जिल्ला बार इकाईका अध्यक्ष लगायतका ९ जना व्यक्तित्वहरू प्रमुख वक्ताको रूपमा थिए । यस क्रममा संविधान निर्माण प्रक्रियाका वारेमा चर्चा र मुख्य रूपमा सामाजिक सद्भाव कायम गर्नको लागि क-कसले के गर्न सकिन्छ भन्ने विषय र अन्तिममा सबैले आफ्नो तर्फबाट प्रतिबद्धता गरी सामुहीक रूपमा हामी तनहुँ जिल्लामा सामाजिक सद्भाव कायम गराउनको लागि सबै प्रतिबद्ध छौं भनी एकै स्वरमा प्रतिबद्धता गरेका थिए । कार्यक्रममा प्रवेश गर्नु पूर्व सर्व पक्षीय सामाजिक सद्भाव ऱ्यालीले नगर परिक्रमा गरेको थियो । उक्त कार्यक्रमलाई ४५ मिनेटको रेडियो कार्यक्रम बनाई स्थानीय सामुदायिक रेडियोहरूवाट प्रसारण गरीएको थियो । जसले तनहुँ जिल्लामा सामाजिक सद्भाव कायम गर्नका लागि सहयोग गरेको थियो र अन्ततः सामाजिक सद्भाव भड्कन पाएन ।

जिल्ला नागरिक सचेतना समूह, धादिङले संविधान निर्माण प्रकृयामा भईरहेको ढिलासुस्ति, राज्य पुर्नसंरचना उच्च स्तरीय सुझाव आयोगले तयार पारेको प्रतिवेदनको सार संक्षेप र संविधानका विवादित विषयहरूमाथी गरेको नागरिक संवाद कार्यक्रममा ढिलासुस्तिका वारेमा राजनीतिक दलका जिल्लाका नेताहरूले आ-आफ्ना पार्टीको केन्द्रिय समिति तथा नेताहरूलाई सचेत गराउदै जेठ १४ भित्र संविधान जारी गर्न दवाव दिने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यस्तै संविधान निर्माणमा देखिएका विवादित विषयहरू माथिको छलफलमा दलहरू तथा सरोकारवालाहरूले राज्य पुर्नसंरचना उच्च स्तरीय सुझाव आयोगले विज्ञता भन्दा आफ्नै समुदायको धारणा प्रस्तुत गरेकाले देश नै लज्जित भएको प्रतिकृया दिएका थिए । साथै उनीहरूले धादिङ जिल्लालाई जातीय पहिचानको आधारमा नेवा र ताम्सालिङ २ प्रदेशमा राखिएको प्रति आपत्ति समेत प्रकट गरेका थिए । कार्यक्रमको प्रत्यक्ष प्रसारण धादिङका सामुदायिक रेडियोहरू साथै छिमेकी जिल्ला नुवाकोटका सामुदायिक रेडियोहरूले पनि रेकर्ड गरी प्रसारण गरेका थिए । जसले गर्दा कार्यक्रमका सहभागी तथा श्रोताहरूले आयोगले तयार पारेको प्रतिवेदनको सार संक्षेप तथा संविधान निर्माणमा रहेका मुख्य विवादित विषयहरूका वारेमा जानकारी पाएका थिए ।

यौन हिंसालाई न्यूनीकरण गराउन सचेतीकरण गर्ने उद्देश्यले महिला मानव अधिकार रक्षक सञ्जाल, बेल्टार, उदयपुरका अध्यक्षको अध्यक्षतामा यौन हिंसा र बालबालिका सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा शिक्षक, प्राध्यापक, राजनीतिक दलका प्रतिनिधि, पारालिगल कमिटीका प्रतिनिधि, व्यापारी, कृषक, विद्यार्थी, समाजसेवी आदिको सहभागिता रहेको थियो । बढ्दो बजारीकरण, लागू औषध प्रयोग, चेतनाको कमी र वर्तमान पुस्ताको आधुनिकीकरणका कारण यौन हिंसाले प्रसय पाएको निष्कर्ष कार्यक्रमले निकालेको थियो ।

राज्य पुनः संरचना तथा संघीयताको वारेमा देशमा विविध किसिमका टीक्का टीप्पणी भई रहेको अवस्थामा उक्त विषयमा स्पष्टता तथा एकरूपता ल्याउनका लागि जिल्ला नागरिक सचेतना समूह, उदयपुर, सहास नेपाल, ओरेक नेपाल र महिला मानव अधिकार रक्षक सञ्जाल, उदयपुरको साझेदारीमा राज्यको पुनः संरचना र संघीयता विषयक अन्तरक्रिया गोष्ठी गाईघाट बजारमा सम्पन्न गरीयो । गोष्ठीमा राजनीतिक दल, राजनीतिक दल संवद्ध विद्यार्थी, संचारकर्मी तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा संघीयताको अवधारणा, देश संघीयतामा जानुका कारण, यसका फाइदा, बेफाइदा, अन्तर्राष्ट्रिय अभ्यास सम्बन्धी छलफल भएको थियो । संघीयतामा गई कतिपय देशले गुणात्मक रूपमा प्रगति गरेका र कतिपय देशले संघीय राज्यहरूलाई सही हिसावले परिचालन गर्न नसक्दा पुनः एकात्मक राज्यमा नै फर्किएका उदाहरण रहेको अवगत गराउनु भएको थियो । गोष्ठीमा उपस्थित प्रायः विद्यार्थीहरूले आफ्ना दलका प्रमुख नेताहरूले अहिले सम्म संघीयता तथा राज्य पुनसंरचना विषयमा प्रशिक्षण त के जानकारी समेत नदिएको गुनासो गरेका थिए । सो कार्यक्रम पश्चात सहभागीहरूलाई यी विषयमा क्षमता अभिबृद्धि भई आफ्ना दलभित्र छलफल चलाउन, दलका नेताहरूलाई सुझाव दिन र यस्ता खालका विभिन्न कार्यक्रममा सहभागी हुँदा कुरा बुझ्न र आफ्ना भनाई राख्न सहयोग पुऱ्याएको उनीहरूले वताएका छन् । साथै उनीहरू आफ्नो समुदाय, पार्टी भित्र संघीयताको वारेमा सचेतीकरण, खवरदारी तथा छलफल गर्न समेत शुरू गरेका छन् ।

# खाद्य सुरक्षा र जीविकोपार्जनको लागि सामुदायिक सशक्तिकरण परियोजना - कालिकोट, बाजुरा र मुगु

यस संस्थाले आफ्नो रणनीतिक योजनामा उल्लेख भए अनुसार जिल्ला विस्तार गर्ने योजना अनुरूप नेपालको मध्यपश्चिममा मुगु, कालीकोट र सुदुर पश्चिममा बाजुरा जिल्लामा खाद्य सुरक्षा र जीवीकोपार्जनका लागि सामुदायिक सशक्तिकरण (सिफल्स) परियोजना यही २०६६ साल देखि संचालन गरेको छ ।

सिफल्स परियोजना समुदायको खाद्य सुरक्षा र जीवीकोपार्जन सूधारमा सहयोग गर्दै दिगो विकासको बाटोमा समुदायलाई अग्रसर गराउने एकिकृत परियोजना हो । विशेष गरी यस परियोजनाको लक्षित वर्गमा गरिव, सिमान्तकृत, महिला, बालबालिका, दलित, द्वन्दपिडित आदि पर्छन् । परियोजनाको उद्देश्य लक्षित समूदायको जीवनस्तर सूधार गर्दै खाद्यमा पहुँच बढाउनु रहेको छ ।

यी उद्देश्य पूरा गर्न परियोजनाले समूह परिचालनका साथसाथै समूहको क्षमता विकास गर्दै समूदायको माग बमोजिम विभिन्न कार्यक्रम तथा तालिम गोष्ठीहरू अगाडि बढाउने गर्दछ । यसै गरी परियोजनाले समुदायसँग स्रोत साझेदारी गर्दे आफ्ना कार्यक्रम अगाडि बढाउदै आएको छ । त्यस्तै परियोजनाको पहिलो चरणको अन्तिम बर्षमा गा.वि.स. स्तरिय मूल समितिहरू गठन हुन्छन भन्ने दास्रो चरणको दोस्रो वर्षदेखि परियोजनाले जिल्ला स्तरको सञ्जाल संस्था गठन गर्ने र दर्ता गरी अन्तिम वर्षमा सहासको सबै जिम्मेवारी सञ्जाल संस्थालाई हस्तान्तरण गर्दछ ।

सहयोगी हातहरूको समूह (सहास) नेपालले सञ्चालन गरेको खाद्य सुरक्षा र जीवीकोपार्जनका लागि सामुदायिक सशक्तिकरण (सिफल्स) परियोजनाले कालिकोट, बाजुरा र मुगु जिल्लामा ५, ५ वटा गा.वि.स. गरी जम्मा १५ वटा गा.वि.सहरूमा परियोजना कार्यान्वयन गर्दै आइरहेको छ ।

हाल सम्म यी ३ वटा जिल्लाहरूमा १४७ वटा समुदायमा आधारीत समूहहरू गठन भई ४०६५ घर धुरीले प्रत्यक्ष फाइदा पाइरहेका छन् । यस आर्थिक वर्ष २०६८ र ६९ मा सम्पन्न भएका गतिविधिहरू यस प्रकार रहेका छन :

समुदाय परिचालन, समन्वय, सहजीकरण, मार्ग निर्देशन गर्न हुनु पर्ने गुणहरू, परिचालन आदिका बारेमा समूहका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई २ दिने गा.वि.स. स्तरीय नेतृत्व विकास तालिम सम्पन्न भएको छ । यसले समूहका सदस्यहरूको नियमित बैठक र समाज परिचालनमा समेत टेवा पुगेको छ । समूहका सदस्यहरूको पद अनुसार जिम्मेवारीको बोध भई आफ्नो जिम्मेवारी बहन गरी समूह कार्य गर्न सकेका छन ।



सहास-नेपाल

सहयोगी हातहरूको समूह सहास नेपाल (सिफल्स) परियोजना बाजुराले बि.सं. २०६७/०६८ मा गरिएका कृयाकलापको बारेमा जानकारी दिन परियोजना सञ्चालित पाँचवटा गा.वि.स.मा कार्य प्रगति तथा समिक्षा गोष्ठि सञ्चालन गरिएको हो उक्त गोष्ठिमा गा.वि.स.का राजनैतिक दल, समाजसेवी, सामुदायिक संस्थाका सदस्य, शिक्षक, महिला आदि सबैको उपस्थिति गराई परियोजनाले गरेका एकवर्ष भित्रका कार्यक्रमको बारेमा सार्वजनिक सुनुवाई गर्न र छलफलमा आएका बिषय माथि समिक्षा र सुझाब संकलन गरी आगामी दिनमा परियोजना सञ्चालन र सम्पन्न गर्न सहयोग पुग्न यो कार्यप्रगति तथा समिक्षा गोष्ठि सञ्चालन गरिएको हो ।



संस्थाको उद्देश्य अनुरुप तेस्रो वर्षमा मूल समिति बनाउने रहेकोले समूह सशक्तिकरणको लागि समूह सवलिकरण तथा पुनर्ताजकी तालिम ५ वटा गा.वि.स.मा सञ्चालन गरिएको थियो । उक्त तालिममा समूहमा हुने मासिक बैठक, नेतृत्व विकास, समूहका सदस्यहरूको समूह प्रति जिम्मेवारी, समूहमा निर्णय गर्न आदि बारेमा छलफल गरिएको थियो । साथै उक्त तालिममा समूहलाई कार्ययोजना बनाउन पनि सिकाइएको थियो । यस्तो प्रकारको तालिमले समूहमा पारदर्शिता तथा समूहलाई अघि बढ्न मद्धत मिलेको छ । उक्त तालिम पश्चात् समूहका सदस्यहरू बैठक बसी मूल समितिको लागि सदस्य छनौट गर्ने काम सम्पन्न गरेका छन् ।

धेरैजसो कालिकोट जिल्लाका गा.बि.स.हरू सुख्खा रहने भएकाले खेतीयोग्य जमिनमा पनि कम उत्पादन हुने गरेको पाइन्छ । सिंचाईको व्यवस्था राम्रो नभएको र पानीको स्रोतको लागि धेरै टाढा जानुपर्ने भएकाले यस्तो अवस्थामा पानीको सहि सदुपयोग गर्नेको लागि जुठ्यान व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो । यस तालिम ५ वटा गा.वि.स.मा सञ्चालन भएको थियो । उक्त तालिममा खाडल बनाई हात मुख, भाडाकुडा धुदाँ खेर जाने पानी सङ्कलन गरी उक्त पानीलाई तरकारी खेतीमा प्रयोग गर्न सिकाईएको थियो । तालिम पछि सस्थाबाट उपलब्ध गराइएको प्लाष्टिकको प्रयोग गरी खाडल बनाएका र खेर जाने पानीको संकलन गर्ने काम गरेका छन् र उक्त पानी करेसाबारीमा प्रयोग गर्दै गरेका छन् ।

विश्व वातावरण दिवसको अवसरमा सिफल्स परियोजना बाजुराले समुदायमा स्वच्छ वातावरण र सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न गोत्री र साप्पाटा गा.वि.स. भरी साप्ताहिक रूपमा यो कार्यक्रम सञ्चालन गरेर प्रत्येक वडाका विद्यालयमा समापन गरी पहिलो, दोश्रो, तेश्रो र सान्त्वना हुनेलाई पुरस्कार वितरण गरिएको थियो । जसमा जिल्लामा रहेको जलश्रोत व्यवस्थापन परियोजना र सहास नेपाल सिफल्स परियोजनाको संयूक्त सहयोगबाट समन्वय गरी विभिन्न प्रकारका कार्यक्रमहरू देउडा, स्टेज गीत नृत्य, सडक नाटक, एकल देउडा गित प्रतियोगिता गरी समुदायमा वातावरण स्वच्छ र सरसफाई वारेमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिएको थियो ।

खाद्य सुरक्षामा सुधार ल्याउन र घरेलु स्तरमा नै परिवारका लागि आवश्यक पौष्टिक तत्वको उत्पादन गर्न सिकाउने उद्देश्यले पर्यावरणीय घर बगैचा तालिम २ वटा गा.वि.स. (फूकोट र बदालकोट) मा संचालन गरिएको थियो । यस तालिममा घर बगैचाको महत्व, किसिम बाली लगाउने उपयुक्त समय तथा खाली रहेको जमिनको सहि सदुपयोग गर्न सिकाइएको थियो ।

स्युना गा.बि.स. वडा न ३ का परिमल सार्किले सहास नेपालद्वारा सञ्चालित करेसावारी तालिममा सहभागी भए पश्चात रू. १३,००० को तरकारी बेची आम्दानी गरेका छन् । यसका साथै उनले रू. ७,००० को बाख्रा पनि किनेका छन् ।

फुकोट गा.बि.स. वडा नं. २ की छत्तकला बि.क.ले सहास नेपालद्वारा सञ्चालित करेसावारी तालिममा सहभागी भई त्यसबाट सिकेका कुरा व्यबहारमा उतारी राम्रो तरकारी उत्पादन गरेकी छन् । उक्त आम्दानीबाट उनले रू. १०,००० भैसी पनि किनेकी छिन् ।

कालिकोट जिल्लामा व्यवसायिक रूपमा किसानहरूले स्याउ खेती नगरेका र उक्त खेती प्रणाली प्रति ज्ञानको अभाब देखिएकाले ५ वटा गा.वि.स. का किसानहरूलाई फोईमहादेब स्थित स्याउ बगैंचामा अवलोकन कार्यक्रम राखिएको थियो । उक्त कार्यक्रममा स्याउको खेती प्रबिधि, प्रशोधित बस्तु जस्तै जाम, जुस, जेली, चाना आदि बनाउने बिधिको बारेमा जान्ने मौका भएको थियो ।

राम्नाकोट वडा नं. ३ का दलशुर शाहीले सहास नेपालबाट पाएको तालिमलाई सदुपयोग गरी स्याउको जुस र जाम उत्पादन गरेर त्यसबाट रू. २०,००० नगद आम्दानी गरेका छन् । यसका साथै उनले प्रोत्साहन स्वरूप गाउँ परिषदबाट पनि रू. एक लाख नगदबाट सम्मानित भएका छन् ।

समुदायका धेरै मानिसहरूलाई च्याऊ खेतीको बारेमा र घरेलु स्तरमा पनि यसको उत्पादन हुन सक्ने कुरा त्यती जानकारी नभएको र कतिपयले जङ्गली च्याऊको प्रयोग गरी आफ्नो ज्यान समेत गुमाउनु परेको अवस्थालाई ध्यानमा राखी ५ दिने च्याऊ खेती तालिम सञ्चालन गरिएको थियो । उक्त तालिम पश्चात सहभागीहरूले च्याऊ उत्पादन गरी आयआर्जन समेत गर्न सक्षम भएका थिए ।

उक्त तालिमलाई व्यवहारमा उतारी बदालकोट–२ का चतुर्भुज शाही र बदालकोट–७ का हंश सार्किले आयआर्जन समेत गर्न थालेका छन् । उनीहरूले उत्पादन गरेका च्याऊ रू. ३०० प्रति के.जी का दरले बिक्रि वितरण गरी रू. ३,५०० र रू. ३,६०० कमाउन सफल भएका छन् ।

नेपालमा कृषि प्रणाली परम्परागत किसिमको रहेको छ । अझै पनि किसानहरूले बाली विरूवा लगाएपछि त्यसको आवश्यक व्यवस्थापन राम्रोसँग गर्न सकिरहेका छैनन् । जसको कारण राम्रो उत्पादन लिन किसानहरू असमर्थ भईरहेका छन् । समय समयमा आवश्यक पर्ने किरा तथा रोग नियन्त्रण कार्य धेरै किसानहरूलाई थाहा नभएको अवस्थामा, २ दिने किरा तथा रोग व्यवस्थापन तालिम बदालकोट–१ मा सञ्चालन गरिएको थियो । उक्त तालिममा रासायनिक विषादिबाट हुने हानीका साथै घरेलु स्तरमा नै जैविक विषादि बनाउने तरिकाको बारेमा छलफल भएको थियो । साथै समय समयमा किरा तथा रोग नियन्त्रण गर्नु पर्ने आवश्यकताको बारेमा पनि जानकारी प्राप्त गर्न सक्षम भएका थिए ।

परियोजना कार्यक्षेत्र मुगुका समुदायहरूको घरमा परम्परादेखि नै स्याउका रूखहरू देख्न पाईन्छ । सहास नेपालले पनि समूदायको माग अनुसार यस वर्ष स्याउको विरूवा वितरण गरेको छ । उक्त स्याउको विरूवा जिल्ला कृषि कार्यालय मुगुको संयोजकत्वमा सहास नेपालले  श्रोत साझेदारी गरी वितरण गरेको थियो भने उक्त विरूवाहरू हुम्ला जिल्लाको दार्मा वागवानी फारम र मुगु जिल्लाकै रोवा गा.वि.स. सोवा गाँउबाट संकलन गरीएको थियो । सहास नेपालका कार्यक्षेत्र ५ गा.वि.स.मा ६७०० स्याउका विरूवा वितरण गरियो । स्याउको विरूवा विरतण पश्चात १४ वटा वगैचा समेत स्थापना भएको छ । उक्त विरूवा लगाउने प्रत्यक्ष लाभान्भित समूदाय १४१७ जना रहेका छन् । हाल आएर वितरण गरिएका स्याउका विरूवाहरू सरी सकेर पात हालेको अवस्थामा रहेका छन् ।



खेति प्रणालीमा नयाँ प्रबिधि प्रवेश गराउने लक्ष्यका साथ राम्नाकोट र नानीकोट गा.वि.स. मा पोलिब्याग तालिम सञ्चालन गरिएको थियो, जसमा १५ जनाको सहभागीता रहेको थियो । उक्त तालिम पश्चात् सहभागीहरूले पोलिब्याग बनाउन र त्यसमा बिऊ उमार्ने प्रबिधिको बारेमा थाहा पाएका थिए ।

उक्त तालिममा सहभागीहरूले प्राप्त गरेका बीउलाई पोलिब्यागमा उमारी राम्रो उत्पादन लिन सफल भएका छन् । विशेष गरी काक्रो राम्रो उत्पादन भएको र त्यसबाट राम्रो आम्दानी भएको छ । घरेलु स्तरमा उपलब्ध हुने बिभिन्न विषादीहरूको प्रयोग गरी रोग किरा नियन्त्रणका काम पनि भएका छन् । सहास नेपालले दिएको बीऊ लगाएर बीरू भारतीले रू. १०,०००, त्यस्तै गरेर मनपुरा भारतीले रू. ३,००० नगद आम्दानी पनि गरेका छन् ।

कुखुरा पालन व्यवसाय लाभदायिक भएता पनि आवश्यक ज्ञान र सीपको अभाबमा कुखुरा पालन व्यवसाय कम भएको र जिल्लामा आवश्यक पर्ने कुखुरा बाहिरबाट आयात गर्नु पर्ने भएकाले कुखुराको सहज उपलब्धता नभएकाले कुखुरा पालन सम्बन्धी ज्ञान र सीपको विकास गर्ने हेतुले २ दिने कुखुरा पालन तालिम ५ वटा गा.वि.स.मा सञ्चालन गरिएको थियो । उक्त तालिममा सहभागीहरू प्रत्येकलाई १०/१० वटाका दरले ४ हप्ते चल्ला वितरण गरिएको थियो ।



उक्त चल्लालाई खुल्ला रूपमा बाहिर पाल्दा स्याल र चिलले खाने समस्या आएको छ र अन्य किसान दाजुभाई र दिदिबहिनी जसले राम्रोसँग हेरचाह गर्नु भएको छ उहाँहरूकोमा चल्ला राम्रोसँग हुर्कदै गईरहेको तथ्य आएको छ ।

घरेलु तथा साना उद्योग विकास समिति र सहयोगी हातहरूको समूह (सहास) नेपाल, सिफल्स परियोजना कालिकोटको संयुक्त आयोजनामा १५ दिने उनि धागो कटाई तालिम मान्ममा सम्पन्न भएको थियो । परम्परागत शैलीमा २ दिन भरीको समय लगाएर एक ताकु मात्र भर्न सकिन्थ्यो भने आधुनिक धागो कात्ने मेसिनले एकदिनमा २ ताकु भन्दा बढी सहजरूपले कात्न सकिने सहभागी बताउछन् । सुरूमा बानी नपरेर काट्न गाह्रो लाग्थ्यो, मेसिनबाट धागो कात्ने भन्दा अनौठो लाग्थ्यो र थाहा पनि थिएन तर मेसिनले धागो काटिन्छ भनेर सिक्दै जाँदा बानी परेर आजकाल सजिलै तरिकाले धागो काट्ने, छिटो छरितो र थकाइ मर्ने र व्यवसाय सञ्चालन गर्न सहज हुने हुदा सजिलो भएको महसुस गर्दै खुशिसाथ सहभागीहरूले नौलो र सजिलो उनि धागो काट्ने व्यवसायिक तरिका र मेसिन उपलब्ध गराएकोमा सहास नेपाललाई धन्यबाद दिएका थिए ।



कालीकोट जिल्ला पिछडिएको र रोजगारीको हिसाबले अवसरहरू कम भएको जिल्ला हो । जसका कारण मानिसहरू रोजगारीको खोजिमा भारत जाने प्रचलन रहेको छ । तर आवश्यक ज्ञान र सीपको कमीले गर्दा त्यहाँ पनि राम्रो काम पाउन नसकेको अवस्था छ । यसलाई मध्य नजर गर्दै आफ्नै गाउँ ठाउँमा रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यले १ महिना लामो राडि पाखी बुनाई तालिम मान्ममा घरेलु तथा साना उद्योग विकास समितिसँगको साझेदारीमा सञ्चालन गरिएको थियो । उक्त तालिममा जम्मा ९ जनाको सहभागिता रहेको थियो । सहभागीहरूले आफुले सिकेको सिपको प्रयोग गरी राडीहरू बुन्न थालेको छ जसलाई बजार सम्म लगेर बेच्ने योजना समेत गरेको छ ।





कालिकोट जिल्लामा हाल सडक तथा बाटो निर्माण कार्य सञ्चालन भई रहेको र आवश्यक जनशक्तिको अभावमा वाह्य जिल्लाबाट जनशक्ति ल्याई निमार्ण कार्य सञ्चालन गर्नु परेको छ । यस अवस्थामा यहिका मानिसहरूलाई ग्याबिन बुनाई तालिम प्रदान गरी रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यले १ महिने ग्याबिन बुनाई तालिम प्रदान गरिएको थियो । उक्त तालिम घरेलु तथा साना उद्योग विकास समितिसँगको साझेदारीमा सञ्चालन गरिएको थियो, जसमा सहास नेपालको कार्यक्षेत्रबाट ५ जना सहभागी छनौट गरिएको थियो । यस तालिम पश्चात् २ जनाले बाटो मर्मतको काममा ग्याबिन

बुन्ने काम पाएका छन् । त्यस्तै भैरब बि.क.ले पनि ग्याबिन बुन्ने काममा लागेर हालसम्म करिब रू. ५,००० जति कमाएको बताएका छन् ।

बिशेष गरेर महिला दिदिबहिनीहरूलाई लक्षित गरी २ दिने प्रजनन स्वास्थ्य तथा सचेतना तालिम ५ वटा गा.वि.स.मा सञ्चालन गरिएको थियो । कालिकोट जिल्लामा बिशेष गरी महिला दिदिबहिनीहरू विभिन्न स्वास्थ्य सम्बन्धी समस्याहरूबाट गुज्रिरहेको अवस्था छ । त्यस्तै गरेर विभिन्न सरूवा रोगहरूबाट सक्रमित हुने गरेका पनि छन् । यस अवस्थामा उनीहरूलाई प्रजनन् स्वास्थ्य सम्बन्धि जानकारी उपलब्ध गराउन र विभिन्न सरूवा रोगहरूको बारेमा थाहा दिनकोलागी यस तालिम सञ्चालन गरिएको थियो ।

यस तालिम पश्चात् महिलाहरूले आफुमा आउने स्वास्थ्य समस्याहरू अरूलाई भन्ने गरेको पाईन्छ र प्रजनन सम्बन्धी समस्या आई परेमा स्वास्थ्य चौकी पनि जाने गरेको बताउँछन् ।

कालिकोट जिल्ला भौगोलिक बनावटको हिसाबले अत्यन्तै बिकट जिल्लाको रूपमा परिचित छ । यस जिल्लामा आवश्यक पूर्वाधार जस्तै गुणस्तरीय शिक्षा, स्वास्थ्य, बाटोघाटो आदिको अभाब रहेको छ । मानिसहरूमा स्वास्थ्य सम्बन्धी ज्ञानको कमीले गर्दा कम उमेरमा नै मुत्युको मुखमा पुग्नु परेको तथ्य छ । गर्भवति अवस्थामा उचित स्याहार सुसारको अभावले आमा तथा बच्चा दुबैको ज्यान खतरामा पुगेको पनि हामी पाउन सक्छौ । त्यसकारण समुदायमा स्वास्थ्य सम्बन्धी ज्ञान प्रदान गर्न र गर्भवति अवस्थामा ध्यान दिनुपर्ने कुराहरूलाई मध्यनजर गर्दै २ दिने गर्भवती महिला तथा नवजात शिशु स्याहार तालिम ५ वटा गा.वि.स. मा नै सञ्चालन गरिएको थियो । उक्त तालिममा गर्भवति बेलामा ध्यान दिनु पर्ने कुरा, आवश्यक पोषण तत्व, खतराका लक्षणहरू, सुरक्षित तरिकाले गर्भवति गराउने आदि बारेमा छलफल भएको थियो ।

उक्त तालिम पश्चात सम्बन्धित गा.वि.स.का हेल्थपोष्टमा गर्भवति महिलाहरू चेकअप गर्न जान थालेका छन् र नवजात शिशुलाई पनि राम्रोसँग हेरचाह र आवश्यक पर्ने पोषणको अनुपात मिलाई खुवाउन थालेका छन् ।



कालिकोट जिल्लामा अधिकांश मानिसहरूमा स्वास्थ्य तथा सरसफाई सम्बन्धी ज्ञानको अभाव रहेको छ । वरिपरिको वातावरणमा सरसफाईको कमी देखिएको हामीले प्रशस्त भेट्न र देख्न सकिन्छ । २१ औं शताब्दीसम्म आई पुग्दा पनि मानिसहरू अझै पनि व्यक्तिगत सरसफाईमा ध्यान दिन सकिरहेका छैनन् । जसको कारण विभिन्न रोगहरू लाग्ने गरेको छ । त्यसकारण स्वाथ्य र सरसफाई सम्बन्धी जनचेतना वृद्धि गर्ने हेतुले ५ गा.वि.स.का २० प्राथमिक विद्यालयमा २ दिने स्वास्थ्य तथा सरसफाई तालिम दिइएको थियो । उक्त तामिलमा व्यक्तिगत सरसफाई, सरूवा रोगका लक्षण, त्यसबाट बच्ने उपाय आदि को बारेमा छलफल गरिएको थियो ।

गुणस्तरीय शिक्षाको लागी शैक्षिक सामाग्री हुनु जरूरी छ, यसका लागी समूदाय स्तरमा भएका मुगुका ५ गा.वि.स.का विभिन्न ५ प्राथामिक विद्यालयहरूलाई परियोजनाले शैक्षिक सामाग्रीहरू सहयोग गरेको छ । शैक्षिक सामाग्रीहरूमा

विभिन्न चार्ट तथा पोस्टरहरू, कथा तथा कविताका किताबहरू, ग्लोव, विभिन्न गणितिय सामाग्रीहरू, शब्दकोश तथा डिक्सनरीहरू, आदि सहयोग भएका छन् । उक्त सामाग्रीहरूद्वारा बिद्यार्थीहरूलाई सिकाउन सजिलो हुने हुनाले शैक्षिक कृयाकलापमा समेत सहयोग पुगेको साथै बिद्यार्थीहरूलाई सिकाई प्रकृयामा छिटो र प्रभावकारी भएको रा.प्रा.वि बुम्चका शिक्षक श्री मनोज विष्ट बताउछन् ।

विद्यालयको पठन पाठनमा शान्तिपूर्ण वातारवण तयार गरी विद्यार्थिहरूलाई कसरी शिक्षा प्रदान गर्न सकिन्छ भन्ने मूख्य उद्देश्यले सञ्चालित ३ दिने वाल मैत्री विद्यालय व्यवस्थापन तालिम मुगुका ५ गा.वि.स.का ४९ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.को पहलमा विद्यालय प्रति अपनत्वको भावना जागृत भई बाल बालिकाहरूको पठन पाठनमा ध्यान दिइएको पाइन्छ । उक्त तालिमको सहजीकरण जिल्ला शिक्षा कार्यालय मुगुका श्रोत व्यक्ति यदुनाथ कडेल र नवराज गौतमले गर्नु भएकोथियो ।

यस तालिम पश्चात् विद्यार्थीहरू विद्यालय आउँदा सफा सुग्घर भएर आउन थालेका र खाना खानु अघि र पछि साबुन पानीले हात धुन्ने गरेका छन् ।



भौगोलिक बनावटका कारण बाटोघाटोको राम्रो सुविधा नभएकाले कालिकोट जिल्लामा घाइते तथा बिरामीहरूलाई औषधी उपचारको निम्ती ओसारपोसार गर्न कठिनाइ परेको छ । समयमा नै अस्पताल पुऱ्याउन नसक्दा कतिको त ज्यान समेत जान पुगेको छ । त्यसकारणले बिरामी ओसार पोसार गर्न सहज होस् भनेर सहास नेपालले ५ वटा गा.वि.स.मा २६ वटा स्ट्रेचर वितरण गरेको थियो । त्यस्तै गरेर गर्भवती महिलालाई सहज रूपमा सुत्केरी गराउनको लागी ५ वटा डेलिभरी बेड ५ वटा गा.वि.स.को हेल्थपोष्टमा वितरण गरिएको थियो । जसले गर्दा बिरामीलाई सहज रूपमा अस्पताल र स्वास्थ्य चौकी पुऱ्याउन सकिएको छ ।



कालिकोट जिल्लाका धेरैजसो विद्यालयहरूमा पठनपाठनको लागि आवश्यक सामाग्रीको अभाव रहेको छ । फर्निचरको अभावमा विद्यार्थीहरू भुईमा बसेर नै पढनु पर्ने अवस्था देखिएको छ । यसलाई मध्यनजर गर्दै विद्यालयमा सौहाद्र पूर्ण वातावरण सिर्जना गर्नको लागि र नियमित पठनपाठनको व्यवस्था गर्न फर्निचर बितरण गरिएको छ । यसैक्रममा सरस्वती मा.वि., नानीकोट (२५ सेट) कर्णाली नि.मा.वि., बदालकोट (२० सेट) र कालाशिल्ला प्रा.वि., राम्नाकोट (१५ सेट)मा फलामे बेञ्च उपलब्ध गराइएको छ । तर विद्यालयमा काठको राम्रो व्यवस्था नहुँदा २ विद्यालय (कालाशिल्ला प्रा.वि. र सरस्वती मा.वि.)मा बेञ्च प्रयोगमा आउन सकेको छैन् ।

विद्यार्थीहरूलाई पठन पाठन को लागि सहज वातावरण सिर्जना गर्ने उद्देश्यले विद्यालय छाना सहयोग गरिएको थियो । नैमूले प्रा.वि, बदालकोट–९ र नबकिरण नि.मा.वि, राम्नाकोट–४ मा २ कोठाको लागि छाना सहयोग गरिएको छ । त्यस्तै गरेर बालमन्दिर प्रा.वि, नानीकोट–७ मा हावाहुरीले विद्यालयको छाना उडाएको र पठनपाठनमा बाधा पुग्न गएकाले उक्त विद्यालयमा १ कोठाको लागी छाना उपलब्ध गरिएको छ ।

समूदासंग श्रोत साझेदारी गरी समूह मार्फत बिद्यालय निमार्ण तथा मर्मत हुदै आएका छन् । यस्ता सम्पन्न गरेका कृयाकलापहरूले विद्यार्थी, शिक्षक र अविभावकलाई फाईदा पुगेको छ । विद्यालयको अवस्था नाजुक हुँदा समेत विद्यार्थीहरूले समस्यामा पढनु पर्ने बाध्यता रहेको छ यसले न त पढने  न त पढाउने वातावरणको श्रृजना गर्छ । समस्यामा परेका कार्यक्षेत्रका विद्यालयहरू निमार्ण तथा मर्मतपछि शिक्षकहरू र विद्यार्थीहरू ढुक्क संग पढ्ने/पढाउने वातावरणमा रहेका छन् ।



यसले गर्दा विद्यार्थीहरूलाई वर्षाको समयमा पनि पढ्नको निम्ति सहज भएको र वर्षाको समयमा विद्यार्थीहरू स्कुल नआउने समस्यामा पनि कमी आएको छ । कालीकोट जिल्लामा विद्यालयहरू धेरै भएता पनि प्रायजसो विद्यालयमा आवश्यक शैक्षिक सामाग्रीको अभाब रहेकाले विद्यार्थीहरूलाई पठनपाठन गर्न असहज भएको पाइन्छ । जसको कारण विद्यार्थी सङ्ख्यामा पनि कमी रहेको हामीले पाउन सकिन्छ । यस अवस्थालाई मध्यनजर गर्दै विद्यार्थीहरू नियमित पठनपाठनको वातावरण सिर्जना गर्नको निम्ति १० वटा विद्यालयमा शैक्षिक सामाग्री वितरण गरिएको थियो । उक्त सामाग्री उपलब्ध भए पश्चात् विद्यार्थीहरूलाई पढन् सजिल्लो भएको र पढेको कुरा सम्झनको निम्ति पनि सहज भएको विद्यालयका प्रध्यापकहरू बताउनु हुन्छ ।

मुगुको उत्पादन क्षेत्र एक दम कम छ त्यसमा पनि सिंचित क्षेत्र त झनै  कमजोर रहेको छ । भएका सिंचाई कूलोहरू पनि जीर्ण अवस्थामा रहेको बेला उत्पादनमा सहयोग पुर्‍याउने हेतुले मुगु जिल्ला जीमा गा.वि.स. वडा न. ३ र ४  का चौरालीमाई सामुदायिक समूह र महादेव सामूदायिक समूहको सक्रियतामा सिंचाई कूलो मर्मत भएको छ । उक्त कुलो मर्मत वाट ९१ घरधुरीले प्रत्येक्ष फाईदा पाएका छन भने करिब ५ हेक्टर जग्गा सिंचित भई यस पाली लगाउने गहुँ र धान वाली किसानले सजिलोसंग पानीको मारमा नपरी लगाएका छन् । आफ्नै खेतमा उत्पादन हुन थालेपछि २ महिना अन्य ठाउमा खानको लागी खाद्यान्न खोज्नु नपरेको किसानको भनाई छ ।



मानिसहरू अझै पनि स्वच्छ र सफा खानेपानीको सुविधाबाट बञ्चित हुनु परेको छ । स्वच्छ पिउने पानीको अभावले गर्दा मानिसहरू कर्णाली नदीको पानी प्रयोग गर्न बाध्य हुनु परेको अवस्था धेरैलाई जानकारी छ । जसको कारण पानी जन्य विभिन्न रोगबाट संक्रमित हुनु परेको छ । यस अवस्थामा सहास नेपालले राम्नाकोट गा.वि.स. सँग स्रोत साझेदारी गरी खानेपानी आयोजना शुरू गरेको छ जसमा गा.वि.स.बाट रू. १,००,००० निकासा गरिएको छ र सामग्री ढुवानीमा केही ढिलाई भएकाले योजना हालसम्म करिब ६०% मात्र सम्पन्न हुन सकेको छ र बाँकी काम भईरहेको अवस्था छ ।

समूहले आफ्नो टोलको आवश्यकताको महसुस गरी समूदायको सक्रियतामा समस्या प्रथमिकिकरण अनुसार विभिन्न सामूदायिक विकासका कृयाकलापहरू सञ्चालन गर्दै आईरहेको छ । मानिसलाई नभई नहुने खानेपानी दैनिक उपभोग्य वस्तु अन्तर्गत पर्ने भएकोले यसलाई मानिसको जीवन यापनमा प्रत्यक्ष रूपमा जोडिएको छ । ग्रामिण भेगका समूदायहरूमा धेरै खानेपानीको समस्या परिरहेको हुन्छ जसमा श्रोतको अभावले उक्त खानेपानी समूदायको आफनो पहुच सम्म ल्याउन नसकिरहेको बेला सहास नेपाल अन्तर्गत सञ्चालित परियोजनाले समूदायको सकृयतामा समस्याको पहिचान गरी श्रोत साझेदारीमा काम गर्न कार्ययोजना निमार्ण गरी खानेपानी पिउने अधिकारलाई सुनिश्चित गराउन सहयोगीको भूमिका निर्वाह गर्दछ । खानेपानी योजनाहरूको कृयाकलापहरू संचालन गर्दा श्रोत साझेदारी अन्तर्गत बाह्य सामाग्रीको व्यवस्था गर्छ भने स्थानिय सामाग्रीहरूको व्यवस्थापन समूदाय आफैले गर्नुपर्ने देखिन्छ भने समूदायले नै आफ्नो योजना आफै सञ्चालन गर्ने भएकोले अपनत्वको भावना जागृत भई योजनामा दिगोपना र संरक्षणमा समेत सहयोग पुगेको पाउन सकिन्छ ।

समूदाय स्तरमा लगाउदै आएका फलफुलहरूको उत्पादन तथा गुणस्तरमा सहयोग पुराउने उद्देश्य अनुरूप २/२ दिने तालिम जीमा गा.वि.स.का ख्याल्च र शोरूकोटमा आयोजना गरिएको छ । यस तालिममा १२४ जना सहभागीहरूको सहभागिता रहेको थियो । सहभागीहरूले स्याउको काँटछाँट कून समयममा गर्नुपर्छ, के के रोगहरू लाग्छन् र त्यसका लक्षणहरू के के हुन्छन्, त्यसलाई कसरी उपचार गर्नु पर्छ भन्ने वारेमा सहभागीहरूले सिप ज्ञान पाएका छन् । तालिमको अन्तिम १ दिनमा सोहि गा.वि.स.मा रहेका २ वटा स्याउ फारमहरू ख्याल्चा र स्वरूकोटमा सहभागीहरूले प्रयोगात्मक अभ्यास गरेका थिए भने उक्त २ फारममा जम्मा २१०० स्याउको काँटछाँट गरेको छन् । सो तालिम RRDC मुगुको र सहास-नेपाल, सिफल्स परियोजना, मुगुको संयूक्त आयोजना सञ्चालन गरिएको थियो । तालिममा प्रयोग गरिने तालिम सामाग्रीहरू सिकेचर, आरा आदि सहास नेपालको रहेको थियो भने अन्य प्राविधिक सहयोग RRDC तथा सिफल्स परियोजनाको रहेको थियो । सुरूमा काटछाट गर्न नमानेका किसानहरू अहिले आएर स्याउको उत्पादन तथा गुणस्तर देखेर खुसी छन् भने स्याउको उत्पादनमा समेत वृद्धि भएको किसानहरू वताउछन् ।



